कर बुलेटिन
Tax Bulletin
कर दिवस २०७५ विशेषाङ्क
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष ६, अङ्क ८, २०७५ मंसिर     Year 6, Issue 8, Nov-Dec. 2018

## राजस्व संकलनमा २५ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ को लागि विभागलाई रू. ४०४ अर्ब २२ करोडको लक्ष्य प्राप्त भएको छ। उक्त लक्ष्य मध्ये साउनदेखि मंसिरसम्म पांच महिनाको लागि रू. ११२ अर्ब ७९ करोड लक्ष्य रहेकोमा रू. १०५ अर्ब ४८ करोड संकलन भई लक्ष्यको तुलनामा ९३.५२ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रू. २० अर्ब ९० करोड अर्थात २५ प्रतिशतले बढी हो।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रू. ३७ अर्ब ५३ करोड लक्ष्य रहेकोमा रू. ३२ अर्ब ८५ करोड संकलन भई लक्ष्यको तुलनामा ८७.५२ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रू. ३९ अर्ब ५० करोड लक्ष्यमा रू. ३३ अर्ब १६ करोड संकलन अर्थात लक्ष्यको ८४ प्रतिशत संकलन

बाँकी पृष्ठ ६ मा

# सातौं राष्ट्रिय कर दिवस २०७५ सफलतापूर्वक सम्पन्न



दिप प्रज्वलन गरी मूल समारोह समुद्घाटन गर्नुहुदैं मा. अर्थ मन्त्री डा. युवराज खतिवडा

माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले एक समारोहका बीच सातौं राष्ट्रिय कर दिवस मूल समारोहको समुद्घाटन गर्नु भएको छ। उक्त कार्यक्रममा विभागको दोस्रो रणनीतिक योजना र कर दिवस स्मारिका, २०७५ को लोकार्पण समेत गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मा. अर्थमन्त्री डा. युवराज खतिवडाले हामीले तिरेको कर समृद्धिका सम्बाहक रहेको बताउनुहुँदै सही करदातालाई सही करारोपण हुनुपर्ने जोड दिनुभयो। बढी आय हुनेले बढी कर र कम आय हुनेले कम कर तिर्नुपर्ने एवं आम्दानीको आधारमा कर तिर्नुपर्ने भएकाले बढी कर तिर्नेमात्र नभई आफ्नो आयको आधारमा यथार्थपरक कर तिरेमा कम कर तिर्ने करदाता पनि उत्तिकै सम्मानित हुने व्यहोरा समेत उल्लेख गर्नुभयो। यस्तै कर प्रशासनलाई सरल, स्वच्छ र सुगम बनाउँदै करको दायरा विस्तार

बाँकी पृष्ठ ३ मा....

यसभित्र

नेपाल सरकार र संयुक्त अधिराज्य सरकार बीच दोहोरो करमुक्तिको लागि प्रारम्भिक चरणको वार्ता — पृष्ठ ५
Call Center को स्थापना — पृष्ठ ७
राष्ट्रिय कर दिवसका कार्यालयगत गतिविधि — पृष्ठ ८

# महानिर्देशकको सन्देश



**बिल बिजक लिने दिने बानीको विकास हुन नसकेको, जारी गरिएका बिजकहरू यथार्थ मूल्यका हुने नगरेको, विवरणहरू समयमा पेश नहुने गरेको सन्दर्भमा आगामी दिनमा बजार अनुगमनका कार्यलाई तीव्रता दिईनेछ । करदाताका आर्थिक क्रियाकलाप सम्बन्धी सूचनामा पहुँच कायम गरी अनुसन्धानात्मक कर परीक्षणमार्फत कर छली र जोखिम न्यूनीकरण गर्न विभाग केन्द्रित हुने छ ।**

मूल्य अभिवृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने अभिप्रायले यो कर लागू गरिएको दिन मंसिर १ मा “करः समृद्ध नेपाल, सुखी नेपालीको भर“ भन्ने मूल नाराका साथ सातौं राष्ट्रिय कर दिवस, २०७५ मनाइएको छ । यस क्रममा आम नागरिकलाई जागरुक बनाउन एवं करदाताहररुलाई करका विविध पक्षहरुमा अझ बढी जानकारी गराउने र प्राप्त पृष्ठपोषणका आधारमा राजस्व प्रशासनलाई थप परिष्कृत र परिमार्जित गर्दै लगिने उद्देश्यले अन्तरक्रिया तथा बहस लगायतका विविध सप्ताहव्यापी कार्यक्रमहरु समेत संचालन गरियो । ती कार्यक्रमहरूले कर कानूनको परिपालना र कर सहभागिता अभिवृद्धि गर्न थप सहयोग गरेको विश्वास गरेको छु ।

सातौं राष्ट्रिय कर दिवसकै अवसर पारेर आन्तरिक राजस्व विभागले पाँच वर्षे दोश्रो रणनीतिक योजना सार्वजनिक गरेको छ । जसले फराकिलो, पारदर्शी, स्वच्छ र प्रगतिशील कर प्रणालीमार्फत राष्ट्रको विकास प्रक्रियामा सघाउ पुऱ्याउने दृष्टिकोण राखेको छ । उक्त योजनाले कर प्रशासनका नीतिगत तथा प्रकृयागत जटिलताहरुलाई कम गर्दै स्वयं कर सहभागिता अभिवृद्धि गर्न र मानव संशाधन लगायत आन्तरिक स्रोतको परिचालन बढाउन जोड दिएको छ । आगामी दिनमा विभागका सम्पूर्ण कार्यहरु उक्त रणनीतिक योजनाले लिएका लक्ष्य हासिल गर्नेतर्फ परिलक्षित हुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

यस आर्थिक बर्षका लागि प्रदत्त समग्र राजस्व असुलीको लक्ष्य तथा कार्यगत परिसूचकहरुमा उल्लेख भएका लक्ष्यहरु प्राप्त गर्न हाम्रा सामु चुनौति छ । यो चुनौतिपूर्ण लक्ष्य हासिल गर्न विभागले आवश्यकताको आधारमा करदाता शिक्षा, राजस्व जोखिमको आधारमा बजार अनुगमन र तथ्य एवम् सूचनाका आधारमा अनुसन्धान तथा परीक्षण कार्यलाई सघन बनाउँदै लैजाने व्यहोरा उल्लेख गर्दछु । बिल बिजक लिने दिने बानीको विकास हुन नसकेको, जारी गरिएका बिजकहरु यथार्थ मूल्यका हुने नगरेको, विवरणहरु समयमा पेश नहुने गरेको सन्दर्भमा आगामी दिनमा बजार अनुगमनका कार्यलाई तीव्रता दिईनेछ । करदाताका आर्थिक क्रियाकलाप सम्बन्धी सूचनामा पहुँच कायम गरी अनुसन्धानात्मक कर परीक्षणमार्फत कर छली र जोखिम न्यूनीकरण गर्न विभाग केन्द्रित हुने व्यहोरा समेत उल्लेख गर्दछु ।

अन्त्यमा, सातौँ राष्ट्रिय कर दिवसलाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यबाद दिँदै आर्थिक ऐनमार्फत करको दायरामा नआएका र दायरामा आएर पनि नियमित रुपमा विवरण नबुझाउने करदाताहरुलाई लक्षित गरेर विभिन्न छुट सुविधा उपयोग गर्न पौष मसान्तसम्मको म्याद दिइएकोले त्यस्ता छुट सुविधाहरुको अधिकतम उपयोग गरी गराई कर सहभागिता अभिवृद्धि गर्न सरोकारवाला सबैलाई आव्हान गर्दछु ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, मंसिर**




विभागको दोस्रो रणनीतिक योजना लोकार्पण गर्नुहुदैं मा. अर्थमन्त्री डा. युवराज खतिवडा

गर्ने र स्वेच्छिक कर सहभागितामा जोड दिनुपर्ने उल्लेख गर्नुभयो। कर प्रशासन र नीजि क्षेत्र एक अर्काका परिपुरक रहेको बताउँदै अर्थमन्त्री खतिवडाले आपसी सहकार्यका लागि निजीक्षेत्रलाई आह्वान समेत गर्नुभयो।

कार्यक्रममा अर्थसचिव राजन खनालले विद्यमान कर प्रणालीलाई कर प्रशासनको नीति विधि र कर संकलन प्रकृयामा सुधार गरी आधुनिक कर प्रणालीको रुपमा स्थापित गरिएको बताउनुभयो। कर प्रणाली जसरी सुदृढ हुँदै गएको छ त्यसैगरी खर्च प्रणालीमा पनि सुधार हुँदै गएको बताउँदै सरकारका सुधारका प्रयासहरु सकारात्मक दिशामा गएको व्यहोरा उल्लेख गर्नुभयो। त्यसैगरी सचिव (राजस्व) शिशिरकुमार ढुङ्गानाले सबै क्षेत्रलाई करको दायरामा ल्याउन चुनौति रहेको बताउनुहुँदै सो कार्यमा निजी क्षेत्रको सार्थक सहयोगको अपेक्षा गर्नुभयो। कर प्रणालीको क्षमता विस्तार गरी आर्थिक क्रियाकलापहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नुपर्ने कुरामा जोड दिँदै कर्मचारीलाई व्यवसायिक व्यवहार र दक्षताको प्रदर्शन गर्न समेत अनुरोध गर्नुभयो।

विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सहभागी तथा अतिथिहरुलाई स्वागत गर्नुहुँदै कर दिवसमा कर सम्वन्धी विषयमा आम उपभोक्ता तथा करदातालाई थप जागरुक बनाउने, कर सम्बन्धी अन्तरक्रिया र बहस संचालन गर्ने, कर सम्बन्धी व्यवस्थाहरुको प्रचार प्रसार गर्ने र कर प्रणाली सुधारका लागि पृष्ठपोषण प्राप्त गर्ने जस्ता औचित्य रहेको बताउनुभयो। साथै कर दिवसको दिनलाई कर प्रशासनमा कार्यरत कर्मचारीहरुले पनि थप व्यवसायिक र कार्य क्षमता अभिवृद्धि गर्दै उत्कृष्ट कार्य सम्पादनका लागि प्रतिवद्धता व्यक्त गर्ने दिनको रुपमा लिनु पर्ने व्यहोरा समेत उल्लेख गर्नुभयो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले कर प्रशासन व्यवस्थित रुपमा अगाडि बढेमात्र देश समृद्ध हुने भएकाले करप्रणालीमा सकारात्मक सुधारहरुको खाँचो औंल्याउनुभयो। गाउँ-गाउँमा कर सचेतना र शिक्षा अभिवृद्धि गर्नुपर्ने र स्वच्छ व्यवसाय, स्वच्छ प्रशासन हुनुपर्नेमा जोड दिनुभयो। त्यसैगरी नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले स्वच्छ मनले व्यवसाय गर्न व्यवसायीलाई आग्रह गर्दै असल अभ्यासले कर तिर्ने करदातालाई सहयोग गर्न र नेपालमा औद्योगिक क्षेत्रमा काम गर्ने वातावरण सृजना गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो। कार्यक्रममा बोल्दै नेपाल चेम्बर अफ कमर्शका सभापति राजेशकाजी श्रेष्ठले कर विना राष्ट्र विकास हुन नसक्ने हुँदा स्वत: स्फूर्त रुपमा कर तिर्ने वातावरण सृजना गर्न आग्रह गर्नुभयो भने राष्ट्रिय उद्योग व्यापार संगठनका अध्यक्ष श्याम बहादुर पाठकले समृद्धिका लागि ग्रामिण अर्थतन्त्र महत्वपूर्ण रहेको र ग्रामिण अर्थतन्त्र उकास्नलाई लघुउद्यमशीलताई प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिनुभयो।

महालेखा नियन्त्रक, अर्थ मन्त्रालयका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, उद्योग वाणिज्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयका कर्मचारीहरु तथा पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उपस्थिति रहेको उक्त समारोहमा आर्थिक वर्ष २०७३।७४ मा करको परिपालना सहित सवै भन्दा बढी कर तिर्ने र मूल्य अभिवृद्धि कर सहभागिता







सातौं कर दिवस समारोहलाई सम्बोधन गर्नुहुदै (बायाँबाट क्रमशः मा.अर्थमन्त्री, अर्थ सचिव तथा सचिव (राजस्व)

राम्रो जनाई बढी कर तिर्ने विभिन्न व्यवसायिक क्षेत्रका बढी राजस्व दाखिला गर्ने १५ जना करदातालाई सम्मान गरियो। त्यसैगरी विभाग र मातहत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने १० जना कर्मचारी, राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कविता र निबन्ध प्रतियोगितामा भाग लिई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरुलाई समेत पुरस्कृत गरियो ।

नेपालमा आधुनिक आयकर प्रणालीको शुरुवात भएको झण्डै छ दशक र मूल्य अभिबृद्धि कर शुरुवात भएको पनि दुई दशक पुरा भैसकेको छ। मूल्य अभिबृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने अभिप्रायले यो कर लागू भएको मिति २०५४ मंसिर १ गतेलाई स्मरण गर्दै हरेक वर्ष राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाउदै आइएकोमा यस वर्ष पनि मंसिर १ गते सातौं कर दिवस मनाइएको छ । कर दिवसमा करदातालाई केन्द्रविन्दुमा राखी उनीहरुको अधिकतम सहभागिता सहित निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुसँगको सहकार्यमा रचनात्मक कार्यक्रमहरु संचालन हुने र यी कार्यक्रमहरुबाट आम नागरिकमा कर सम्बन्धी जागरण आउने, करको दायरा थप विस्तार हुने तथा गुणस्तरीय सेवाप्रवाह भई स्वेच्छिक कर सहभागिता अभिबृद्धि हुने भएकोले यस दिवसको विशेष महत्व रहेको छ । सेवा प्रवाहमा चुस्तता ल्याइ करदातामा स्वतः स्फुर्त रुपमा करका कानूनको परिपालना गर्ने बानीको विकास गराउन कर दिवस तथा कर सप्ताहले अभिप्रेरित गर्नुका साथै निजी क्षेत्र र कर प्रशासनबीचको सहसम्बन्ध तथा सहकार्यलाई थप मजबुत बनाउदै लैजाने विश्वास गरिएको छ ।

कर प्रशासन र करदाताबीचको दुरी कम गर्दै करदाता शिक्षाका माध्यमबाट कर सम्बन्धी विविध पक्षको जानकारी करदाता समक्ष पुयाउने उद्देश्यका साथ मंसिर १ देखि ७ गतेसम्म सप्ताहव्यापी कार्यक्रमहरु आयोजना गरी राष्ट्रव्यापी रुपमा कर दिवस सम्पन्न भएको छ। कर सप्ताहको पहिलो दिन मंसिर १ गते विहान कर प्रशासनका कर्मचारीहरु, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, राष्ट्रिय उद्योग व्यापार संगठन लगायतका बस्तुगत संघ संगठनहरुका पदाधिकारी, करदाताहरु समेतको सहभागिता र सहकार्यमा “कर: समृद्ध नेपाल, सुखी नेपालीको भर” भन्ने मूल नाराको व्यानर तथा करसँग सम्बन्धित सहायक नाराहरु उल्लेखित प्ले कार्ड सहित विभाग परिसरबाट प्रभातफेरी कार्यक्रम शुरु भई नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित मूल समारोहमा परिणत भएको थियो ।






मा. अर्थ मन्त्रीज्यूसँग उत्कृष्ट करदाता तथा पुरस्कृत कर्मचारीहरु

# नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच दोहोरो कर मुक्ति सम्झौताको लागि प्रारम्भिक चरणको वार्ता सम्पन्न



सम्झौतापत्र आदान प्रदान गरिँदै

नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि प्रारम्भिक चरणको वार्ता २०७५ मंसिर १० देखि १४ गते तदनुसार २६ देखि ३० नोभेम्वर, २०१८ सम्म संयुक्त अधिराज्यको राजधानी लण्डनमा सम्पन्न भएको छ। सन् २०१४ वाट शुरु भएको सम्झौता प्रक्रियामा दुवै पक्षवाट पेश भएका मस्यौदाहरुमा एक अर्को पक्षवाट गृहकार्य शुरु भएको थियो। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०६/०५ को निर्णयवाट संयुक्त अधिराज्य सरकारसँग यस विषयमा वार्ता गर्न वार्ता टोली गठन भएको थियो।

नेपाली वार्ता टोलीको नेतृत्व आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले गर्नुभएको थियो भने वार्ता टोली सदस्यहरुमा अर्थ मन्त्रालयका उपसचिव चण्डीप्रसाद घिमिरे, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव विनोद कुमार भट्टराई, परराष्ट्र मन्त्रालयका उपसचिव लक्ष्मण खनाल र आन्तरिक राजस्व विभागका निर्देशक विमल सापकोटा रहनु भएको थियो। त्यस्तै संयुक्त अधिराज्य सरकारको तर्फवाट HM Revenue and Customs का Senior Policy Advisor Mr. Thomas Matthews को नेतृत्वमा HM Revenue and Customs का Team Leader Tax Treaty Team Mr. David Price, HM Revenue and Customs का Senior Policy Advisor Mr. John Stokes र HM Revenue and Customs का Senior Policy Advisor Mr. Daniel Berry सहितको वार्ता टोली रहेको थियो।

नेपाली वार्ता टोलीमा लण्डनस्थित नेपाली राजदुतावासका नियोग उप प्रमुख शरदराज आरण तथा संयुक्त अधिराज्यको वार्ता टोलीमा HM Revenue and Customs वाट Mr. Pranav Kashyap र Ms. Tahmina Ahmad समेत सहभागी हुनुभएको थियो।

प्रारम्भिक चरणको यस वार्तामा एक अर्का बीच समझदारीको विकास गर्दै दुवै पक्षवाट प्रस्ताव गरिएका मस्यौदाहरुमा दफावार छलफलवाट दुई पक्ष सहमत भएका बुंदाहरुलाई एकीकृत गरी हाल सहमत हुन बांकी रहेका विषयहरुमा दुवै पक्षका प्रस्तावहरु अलग अलग रुपमा उल्लेख गरेर संयुक्त मस्यौदा तयार गरियो। यसवाट सहमति भएका बुंदाहरुलाई यथावत राखी आगामी दिनमा सहमति हुन बांकी रहेका विषयहरुमा छलफल गर्दै निष्कर्शमा पुग्न सहज हुने विश्वास लिइएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

## रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४ को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) अनुसार रु. पैंतीस करोड भन्दा बढी कारोबार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यबाट बीजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले अविलम्ब सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

## राजस्व संकलनमा...

**भएको छ । अन्त:शुल्कमा रू २८ अर्व ५५ करोड संकलन भएको ५ जुन रू २७ अर्व ७३ करोड लक्ष्यको १०३ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रू ३० करोड लक्ष्यमा रू ४७ करोड संकलन भई लक्ष्यको तुलनामा १५८ प्रतिशत संकलन भएको छ ।**

*रू. हजारमा*

| शीर्षक | गत वर्षको यस अवधिसम्मको प्रगति | २०७५।७६ को मंसिरसम्म राजस्व संकलनको प्रगति | | | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | |
| आयकर | २४७४७१५१ | ३७५३४७५२ | ३२८५२०१० | ८७ | ३३ |
| वहालकर | १६६१६९४ | ० | ११९८७१४ | | |
| व्याजकर | ६५००३८८ | ७७२०७९१ | ८४१९२८० | १०९ | २९ |
| आयकर जम्मा | ३२९०९२३३ | ४५२५५५४३ | ४२४७०००४ | ९४ | २९ |
| मू.अ.कर | २९२८०८३३ | ३९५०४३४२ | ३३१५६१६५ | ८४ | १३ |
| अन्त:शुल्क | २१४८७९३६ | २७७३६०२९ | २८५५११६१ | १०३ | ३३ |
| शिक्षा सेवा शुल्क | ५५३९०६ | ३०१८४० | ४७८२२१ | १५८ | ३७ |
| स्वास्थ्य सेवा शुल्क | ३४९३१३ | ० | ८३३३१५ | | ५० |
| जम्मा | ८४५८१२२१ | ११२७९७७३४ | १०५४८८८६७ | ९३।५२ | २५ |

# अधिकृतहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपाल प्रशासन सेवा राजस्व समूह भित्र २०७५ सालमा सेवा प्रवेश गरेका अधिकृतहरुका लागि २०७५ साल कार्तिक २८ गते आन्तरिक राजस्व विभाग लाजिम्पाटको सभाहलमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै आन्तरिक राजस्व विभागका उप महानिर्देशक बलराम रिज्यालले विभागको संगठन संरचना, जनशक्ति व्यवस्था, कार्यक्षेत्र, कार्यप्रकृया, लक्ष्य तथा प्रगति लगायत विभागका विविध पक्षका बारेमा प्रकाश पार्नु भएको थियो । सो क्रममा उपमहानिर्देशक रिज्यालले सहभागीहरुले उठाएका विभिन्न प्रश्न तथा जिज्ञासाहरुका सम्बन्धमा समेत प्रष्ट पार्नुभएको थियो ।



अभिमुखीकरण कार्यक्रममा सहभागीहरु

कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापन तालिम केन्द्रमा सेवा प्रवेश तालिममा सहभागी भइरहेका नवप्रवेशी अधिकृतहरु लगायत आन्तरिक राजस्व विभाग र सार्वजनिक वित्तीय व्यवस्थापन तालिम केन्द्रका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# Digital Signature को शुरुवात

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुलाई विद्युतीय प्रणालीसँग आवद्ध गराउँदै लैजाने नीति अनुरुप करको शुरु दर्तादेखि विवरण बुझाउने कार्य अनलाइन प्रणालीमा आवद्ध भइसकेको छ । त्यसैगरी भुक्तानीतर्फ समेत २०७५ आश्विन १ गतेदेखि विद्युतीय भुक्तानी (e-Payment) प्रणाली लागू गरी एकीकृत कर प्रणालीमा आवद्ध गरिएको छ । करदाताहरुको व्यवसाय सञ्चालन लागतमा कमी ल्याउने उद्देश्यले सूचना प्रविधिको अधिकतम प्रयोगमा जोड दिदैं आएको विभागले सातौं राष्ट्रिय कर दिवसको समापन समारोहको अवसरमा करदातालाई प्रदान गरिने कर चुक्ता प्रमाणपत्रमा विद्युतीय हस्ताक्षरको प्रयोग गर्ने कार्यको शुभारम्भ गरेको छ ।

आन्तरिक राजस्व कार्यालयहरुबाट जारी हुने विद्युतीय हस्ताक्षर गरिएको प्रमाणपत्र करदाताले आफूले चाहेको समयमा विभागको प्रणालीमा लग इन गरी डाउनलोड गर्न र आफ्नो आवश्यकता अनुसार जुनसुकै निकायमा आधिकारीक कागजातको रुपमा पेश गर्न सक्दछ । कार्यक्रममा विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाद्वारा संयुक्त रुपमा विद्युतीय हस्ताक्षर गरिएको कर चुक्ता प्रमाणपत्र हिमाल पावर लिमिटेडका म्यानेजिङ्ग डाइरेक्टरलाई हस्तान्तरण गरिएको थियो ।



विद्युतीय हस्ताक्षर सहितको कर चुक्ता प्रमाणपत्र प्रदान गरिदैं

# आन्तरिक राजस्व विभागमा Call Center को स्थापना

करदाताहरुको आवश्यकता अनुसार समयमै सही सूचना तथा जानकारी उपलब्ध गराउने उद्देश्यले आन्तरिक राजस्व विभागमा Call Center को स्थापना गरिएको छ । आन्तरिक राजस्व विभाग र GIZ RAS परियोजनाद्वारा संयुक्त रुपमा स्थापना गरिएको Call Center विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र नेपाल स्थित जर्मन राजदुतावासका विकास सहायता शाखाका प्रमुख Dr. Claudia Hiepe ले संयुक्त रुपमा रिबन काटी उद्घाटन गर्नुभएको थियो । GIZ RAS परियोजनाको प्राविधिक सहयोगमा स्थापना भएको Call Center विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र GIZ RAS परियोजनाका प्रमुख प्राविधिक सल्लाहकार David Davidson ले सम्झौतापत्रमा हस्ताक्षर गर्नु भयो ।

करदाताले कर सम्बन्धी जुनसुकै जिज्ञासा उक्त Call Center मा फोन गरी सोध्न सकिने र विभागका कर्मचारीले उक्त जिज्ञासाको तत्कालै सम्बोधन गरिने व्यवस्था मिलाइएको छ ।



सम्झौतापत्रमा हस्ताक्षर गर्नुहुदै महानिर्देशक नेपाल र David Davidson

# कर दिवस तथा कर सप्ताह विशेष

## कार्यालय गतिविधि

***सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह आन्तरिक राजस्व विभाग मातहतका मुलुकभरका कार्यालयहरुबाट विविध कार्यक्रम गरी मनाइएको छ। उक्त अवधिमा मूलत: कर शिक्षा प्रदान गर्ने, कर सम्बन्धी चेतना अभिवृद्धि गरी जागरण ल्याउने एवं सेवाग्राही तथा सम्बद्ध पक्षहरुसँग अन्तरक्रिया लगायतका कार्यहरु सम्पन्न भएका छन्। कार्यालयगत गतिविधिहरु संक्षेपमा उल्लेख गरिएको छ।***

### ठूला करदाता कार्यालय

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ ठूला करदाता कार्यालयले विभिन्न क्षेत्रका करदाताहरुसंग सघन रुपमा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरी सम्पन्न गरेको छ। कर सप्ताहको पहिलो दिन मंसिर १ गते आन्तरिक राजस्व विभागले आयोजना गरेको प्रभातफेरी कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारीहरु सहभागी भए पश्चात कार्यालयले सप्ताहव्यापी रुपमा विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरिएको थियो। कार्यक्रमको सिलसिलामा मंसिर ३ देखि ६ गतेसम्म कार्यालयको सभाहलमा क्रमश: बैंक तथा वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु, उत्पादनमूलक उद्योगहरु र निर्माण व्यवसायीहरुसँग अन्तरक्रिया सम्पन्न भयो।



यसरी करदाताको कारोबारको प्रकृति अनुसार क्षेत्रगत रुपमा गरिएका अन्तरक्रिया कार्यक्रमहरुमा उद्योगी तथा व्यवसायीहरुले विविध जिज्ञासा, समस्या, कर कानून परिपालनामा आइपरेका द्विविधा लगायतका विभिन्न विषयवस्तुहरु उठान गरेका थिए भने कार्यालयको तर्फबाट करदाताप्रति कर प्रशासनको अपेक्षा उल्लेख गर्दै उद्योगी व्यावसायीहरुले उठान गरेका जिज्ञासाहरुको समाधान गरिएको थियो। साथै करदाताहरुलाई कर कानूनको परिपालना गर्न सचेत समेत गराइएको थियो।

**आर्थिक ऐन, २०७५ ले देहाय बमोजिमका छुट तथा सहुलियत प्रदान गरेको हुँदा सो सुविधाको उपयोग गरी कर सहभागिता जनाउनुहुन सवै करदाताहरुलाई हार्दिक अनुरोध गरिन्छ।**

**बिगतमा करको दायरामा नआएका तर आर्थिक कियाकलापमा संलग्न रहेका व्यक्तिहरु**ले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२ देखि २०७३/०७४ सम्मको आय विवरण र सोमा लाग्ने कर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने साथै सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र कर, शुल्क तथा ब्याज मिन्हा हुने।

यसै गरी विगतमा **करको दायरामा आएका तर आर्थिक बर्ष २०७२/०७३ वा सो भन्दा अधिसम्मको आय विवरण पेश नगरेका प्राकृतिक व्यक्ति**ले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण र कर बुझाउनु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने। संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरुले आर्थिक बर्ष २०७४।७५ को आय बिवरण तथा सो अनुसार लाग्ने कर सम्वत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा आर्थिक बर्ष २०७४।७५ भन्दा अघिका वर्षहरुको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा व्याज बुझाउनु नपर्ने।

उक्त अवधिभित्र प्राप्त छुट सुविधाको उपयोग गरी कर सहभागिता नजनाउने करदाताहरु उपर कानून बमोजिम छानविन, अनुसन्धान तथा परीक्षण गरी कर असुल गरिने व्यहोरा समेत सूचित गरिन्छ।

त्यसै गरी **२०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदाता**ले कर विवरण र मूल्य अभिवृद्धि कर रकम सम्वत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने। सो अवधि भित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदाताहरुमध्ये २०७१ साल असारसम्मको वा सो भन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदाताहरुको **दर्ता खारेज गरी सम्पूर्ण कर वक्यौता असुल गरिने छ।**

# मध्यमस्तरीय करदाता कार्यालय

मध्यमस्तरीय करदाता कार्यालयले सातौं राष्ट्रिय कर दिवस एवं कर सप्ताह, २०७५ विभिन्न कार्यक्रम आयोजना गरी सम्पन्न गरको छ । पहिलो दिन आन्तरिक राजस्व विभागको प्रांगङ्गणबाट शुरु भएको प्रभात फेरी कार्यक्रममा कर सम्बन्धी जागरणमूलक प्ले कार्ड सहित कार्यालयका सबै कर्मचारीको सहभागिता रहेको थियो। दोश्रो दिन मंसिर २ गते कार्यालयमा सेवा लिन आउने पहिलो सेवाग्राही करदाता नवजीवन को-अपरेटिभ्स लिमिटेडका कर्मचारी ओम प्रकाश जोशीलाई प्रमुख कर प्रशासक झक्कप्रसाद आचार्यवाट खादा, माला र टिका लगाई करचुक्ता प्रमाण पत्र सहित सम्मान गरिएको थियो । त्यसैगरी मंसिर ३ र ४ गते क्रमशः मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. र लिभरपुल एजुकेशन नेटवर्क प्रा.लि.मा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो। सो कार्यक्रममा कलेजका छात्र, छात्रा लगायत शिक्षक, शिक्षिका र कर्मचारीहरुको उल्लेख्य सहभागिता रहेको थियो। साथै मंसिर ४ गते नै बबरमहल चोक र माइतीघर चोकमा पैदल यात्रीहरुलाई कर सम्बन्धी विविध प्रचार सामग्री समेत वितरण गरियो । पाचौं दिन मंसिर ५ गते नेपाल पर्यटन वोर्डको हलमा पर्यटन सम्बद्ध व्यवसायीहरुको सहभागितामा कर सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो भने छैठौं दिन लिटिल एन्जेल्स स्कुल प्रा.लि.ललितपुर तथा बैंक तथा वित्तीय संस्थाका करदाताहरुको सहभागितामा कार्की बैंकेट बबरमहलमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएका थिए ।




नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय भद्रपुर

आन्तरिक राजस्व कार्यालय, भद्रपुरले विविध कार्यक्रम गरी सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ मनाएको छ। मंसिर १ गते जिल्ला स्थित उद्योग वाणिज्य क्षेत्रका विभिन्न संघ संगठन लगायत विभिन्न संस्थाका व्यानर सहितको टोली, सन्थाल समूह तथा पञ्चै बाजा सहित प्रभातफेरी गरिएको थियो । प्रभातफेरी पश्चात प्रदेश नम्बर १ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय इन्द्र बहादुर आङ्बोको प्रमुख आतिथ्यमा आयोजित उद्घाटन समारोहमा जिल्ला स्थित कार्यालयका प्रमुखहरु, उद्योग वाणिज्य संघ लगायतका वस्तुगत संघ संस्थाका प्रमुखहरुको उपस्थिति थियो । प्रमुख अतिथि माननीय मन्त्री आङबोले कर विना मुलुक समृद्ध हुन नसक्ने र कर विकासको मेरुदण्ड भएको विषयमा सबैले प्रष्ट हुनुपर्ने विषयलाई उजागर गर्नु भयो ।

कर सप्ताहको दोश्रो दिन मंसिर २ गते उद्योग वाणिज्य संघ, बुद्धशान्ति शाखा बुधबारेसँगको समन्वयमा बुधबारे क्षेत्रका व्यवसायीहरुलाई खाता, विजक, विवरण लगायतका विषयमा व्यावहारिक ज्ञान प्रदान गर्नुका साथै कन्काई एजुकेशन फाउण्डेशन र गोमेन्द्र बहुमुखी क्याम्पसका व्यवस्थापन संकायका विद्यार्थीहरुलाई कर सम्बन्धी समसामयिक विषयमा शिक्षा प्रदान गरिएको थियो । त्यसैगरी, कर सप्ताहको तेस्रो र चौथो दिन क्रमशः उद्योग वाणिज्य संघ, ताप्लेजुङ्ग र उद्योग वाणिज्य संघ, पाँचथरसँगको समन्वयमा पाँचथरको फिदिममा र झापा बार एशोसिएसन र उद्योग वाणिज्य संघ, इलाम, देउमाई शाखासँगको सहकार्यमा इलाम जिल्लाको मंगलबारेमा कार्यक्रमहरु संचालन गरिएका थिए ।

कर सप्ताहको पाँचौं दिन मंसिर ५ गते आन्तरिक राजस्व कार्यालय, भद्रपुरको आयोजना र झापा जिल्ला सहकारी संघको समन्वयमा "कर सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम" एवं भद्रपुर मेचीनगर उद्योग वाणिज्य संघ समेतको संयुक्त आयोजनामा मेचीनगर क्षेत्रका व्यवसायीहरुसंग करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कर सप्ताहको छैठौं दिन मंसिर ६ गते PABSON तथा NPABSON झापासँगको सहकार्यमा विर्तामोड स्थित PABSON झापाको सभाहलमा आयोजित "करः समृद्ध नेपाल, सुखी नेपालीको भर" विषयक बक्तृत्वकला प्रतियोगिता संचालन गरियो । जसमा झापा जिल्ला अन्तर्गतका १२ विद्यालयले सहभागिता जनाएका थिए। सोही दिन परोपकार तथा अनुसन्धान केन्द्र, विर्तामोडद्वारा सञ्चालित बृद्धाश्रमका जेष्ठ नागरिकलाई खाना खुवाउने कार्यक्रम सम्पन्न भयो ।

मंसिर ७ गते संघीय मामिला तथा समान्य प्रशासन मन्त्री माननीय लालबाबु पण्डितको प्रमुख आतिथ्यतामा कर दिवस समापन समारोह सम्पन्न भयो। उक्त कार्यक्रममा मेची अञ्चलका चार जिल्लाबाट सबैभन्दा बढी कर तिर्ने १/१ जना करदाता र मू.अ.कर, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क, अन्तःशुल्क, पारिश्रमिक कर लगायतका विविध विधामा सबै भन्दा बढी कर तिर्ने करदाताहरुलाई सम्मान गरिएको थियो । त्यस्तै कर दिवस तथा कर सप्ताहमा कार्यालयबाट आयोजित विविध कार्यक्रमहरुमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोगी भूमिका निभाउने विभिन्न संघ संस्था तथा प्रतिनिधीहरुलाई कदर पत्र समेत प्रदान गरिएको थियो ।



# आन्तरिक राजस्व कार्यालय दमक

**सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह,** २०७५ को अवसरमा आन्तरिक राजस्व कार्यालय दमक द्वारा २०७५ मंसिर १ गते दमक उद्योग वाणिज्य संघ, दमक क्षेत्रका विभिन्न वस्तुगत संघहरु र सो क्षेत्रका उद्यमी व्यवसायीहरु, विभिन्न सामाजिक संघ संस्थाहरु, करदाताहरु र पत्रकारहरु समेतको सहभागितामा प्रभातफेरी मार्फत दमक नगर परिक्रमा गरी सातौं राष्ट्रिय कर दिवसको शुभारम्भ गरिएको थियो। सो कार्यक्रममा दमक क्षेत्रका २५ वटा वस्तुगत संघहरु आ-आफ्नो ब्यानर सहित सहभागी भएका थिए। नगर परिक्रमा पश्चात नेपाल रेडक्रस सोसाइटी शाखा दमकको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरियो। कर सप्ताहको दोश्रो दिन मंसिर २ गते कार्यालयमा पहिलो सेवा लिन आउने करदातालाई सम्मान गरिएको थियो। मंसिर २ देखि ७ गतेसम्म नै कार्यालयको कार्यक्षेत्र भित्रका विभिन्न स्थानमा वाणिज्य संघ एवं जनप्रतिनिधिहरुको सहभागितामा प्रचार, प्रसार एवं करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। कर सप्ताहको क्रमशः मंसिर ३ गते यस क्षेत्रका सहकारी एवं विद्यालयहरुसंग दमकमा, मंसिर ४ गते केर्खा बजारको बजार व्यवस्थापन समितिको सभाहलमा, मंसिर ५ गते शिवसताक्षी नगरपालिकाको शिवगञ्ज उद्योग वाणिज्य संघको सभाहलमा, मंसिर ६ गते गौरीगञ्ज गाँउपालिकाको सभाहलमा करदाता शिक्षा तथा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।



मंसिर ७ गते दमक नगर प्रमुख रोमनाथ ओलीको प्रमुख अतिथ्यमा दमक क्षेत्रका कार्यालयका प्रमुखहरु, वडा प्रमुखहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, व्यवसायीहरु तथा पत्रकारहरुको सहभागितामा समापन कार्यक्रम सम्पन्न भएको थियो। समापन कार्यक्रममा उत्कृष्ट करदाता तथा कर्मचारीलाई सम्मान समेत गरिएको थियो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**आर्थिक वर्ष २०७५।०७६ को अनुमानित करको विवरण तथा आयकरको प्रथम किस्ता वापतको रकम दाखिला गर्ने सम्बन्धी जरुरी सूचना**

आयकर ऐन, २०५८(सं.स) को दफा ९४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०७५।०७६ को आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७५।०७६ को कारोबारको अनुमानित करको विवरण र सो विवरण अनुसारको तिर्नु पर्ने आयकरको प्रथम किस्ता वापतको चालीस प्रतिशतले हुने रकम यही २०७५ पौष मसान्त भित्रै ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा सम्बन्धित करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा ब्याजबाट बचौं।

# आन्तरिक राजस्व कार्यालय विराटनगर

“कर: समृद्ध नेपाल, सुखी नेपालीको भर” भन्ने मुल नाराका साथ मनाइएको सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रम, १-७ मंसिर, २०७५ को अवसरमा मंसिर १ गते मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी, मोरङ्ग व्यापार संघका अध्यक्ष तथा उद्योग संगठन मोरङ्गका अध्यक्षले संयुक्त रुपमा बेलुन उडाई प्रभातफेरी कार्यक्रमको उद्घाटन गर्नुभयो। कार्यालयको प्राङ्गणबाट बिहान ब्यानर, माइकिङ्ग र सातौं राष्ट्रिय कर दिवसको मुल नारा र सहायक नाराहरुको प्लेकार्ड सहित करदाता, निजामती कर्मचारी, निजी क्षेत्रका प्रतिनिधि, सामाजिक क्षेत्रका प्रतिनिधि, विभिन्न पेशागत संघ संगठनका प्रतिनिधिहरु, व्यवसायी, संचारकर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत आम नागरिकको व्यापक सहभागिता र संलग्नता रहको उक्त प्रभातफेरी नगर परिक्रमा गरी कार्यालयको प्राङ्गणमा सभामा परिणत भएको थियो। सोही दिन कार्यालयको सभाहलमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी करदातालाई अझ शिक्षित र समुन्नत बनाउने उद्देश्य अनुसार खुद्रा व्यापारीलाई कर सम्बन्धी बिषयको करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।




कर सप्ताहको तेस्रो दिन कार्यालय परिसरमा कर सम्बन्धी विषयमा विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता र रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो। चौथो दिन बिराटचोकको हातेमालो सहकारी संस्थाको हलमा त्यस क्षेत्रका सहकारीमा आवद्ध पदाधिकारी तथा कर्मचारीलाई सहकारी र करसँग सम्बन्धित विविध पक्षहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

पाचौं दिन बिहान जनजागृती वृद्धाश्रममा रहेका वृद्ध आमाहरुलाई खाद्यान्न तथा अन्य सामग्रीहरु वितरण गरिएको थियो। सोही दिन पथरी र उर्लावारीमा क्रमश: निजी विद्यालयका संस्थापक, शिक्षक तथा कर्मचारीहरुका लागि र उर्लावारी उद्योग वाणिज्य संघसँग आवद्ध करदाताहरुलाई करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

छैटौं दिन विद्यार्थीहरुमा समेत कर सम्बन्धी चेतनाको विकास होस् भन्ने उद्देश्यले विभिन्न विद्यालयका विद्यार्थीहरु बीच कविता वाचन प्रतियोगिता आयोजना गरिएको थियो। सोही दिन दिउँसो लेटाङ्ग उद्योग वाणिज्य संघसँग आवद्ध करदातालाई करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो।

कर सप्ताहको सातौं तथा अन्तिम दिन मंसिर ७ गते प्रमुख कर अधिकृत दिलिप कुमार गौतमको अध्यक्षता तथा प्रदेश नम्बर १ का माननीय आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र बहादुर आङ्वोज्यूको प्रमुख आतिथ्यतामा समापन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा माननीय मन्त्री इन्द्र आङ्वोले प्रदेश तथा स्थानीय तहले लगाएका करका सम्बन्धमा कहिँ कतै समस्या देखिए पनि अधिकांश स्थानीय तहहरुमा सफा नियतले कर लगाइएको, कर विना विकास र समृद्धि नहुने भन्दै करका सम्बन्धमा चलाइएका अफवाह र हल्लाका पछि नलाग्न करदाताहरुलाई आह्वान समेत गर्नुभयो। सो अवसरमा प्रमुख कर अधिकृत दिलिप कुमार गौतमले पारदर्शी ढंगले कारोवार गरी बढी भन्दा बढी राजस्वमा योगदान पुऱ्याई समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्ने कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण व्यवसायीहरुलाई आह्वान गर्नु भएको थियो। कार्यक्रममा कर सप्ताहभर आयोजना गरिएका विभिन्न प्रतियोगिताका बिजयीहरुलाई प्रमुख जिल्ला अधिकारी रमेश कुमार के.सी.द्वारा शिल्ड, प्रमाण पत्र तथा पुरस्कार वितरण गरिएको थियो।

# आन्तरिक राजस्व कार्यालय धरान

आन्तरिक राजस्व कार्यालय धरानले "कर: समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ सातौं राष्ट्रिय कर दिवस, २०७५ मंसिर १ देखि ७ गतेसम्म बिभिन्न कार्यक्रमहरु गरी सम्पन्न गरेको छ । कर सप्ताहको पहिलो दिन मंसिर १ गते सुनसरी उद्योग वाणिज्य संघ, धरानको प्राङ्गणबाट प्रभातफेरी कार्यक्रम शुरु गरी आन्तरिक राजस्व कार्यालय, धरानको कार्यालय परिसरभित्र आई अन्तरक्रिया कार्यक्रममा परिणत भएको थियो। सो कार्यकममा प्रमुख कर अधिकृत देवनारायण पौडेलले कर दिवसको उद्देश्य र महत्व माथि प्रकाश पार्दै आर्थिक ऐन, २०७५ ले ल्याएको छुट सुविधाको पूर्ण उपयोग गर्न अनुरोध समेत गर्नुभयो ।

मंसिर २ गतेदेखि ५ गतेसम्म धनकुटा जिल्लाको हिलेमा, तेह्रथुमको म्याङलुङ नगरपालिकाका स्थानीय निकायका पदाधिकारीहरुसँग, म्याङलुङ बजार एवं आसपासका क्षेत्रका उद्योगी व्यवसायीहरुसँग, सुनसरी जिल्लाको भोक्राहा नरसिंह गाउँपालिकाका व्यवसायीहरुसँग, सुनसरीकै चक्रघट्टीमा चक्रघट्टी उद्योग वाणिज्य संघमा आर्थिक ऐन, २०७५ ले दिएका छुटहरुबारे जानकारी प्रदान गर्दै अन्तरक्रिया कार्यक्रम समेत संचालन गरिएको थियो । त्यसैगरी सुनसरी उद्योग वाणिज्य संघ, धरानको सभाहलमा कर सम्बन्धी बिषयमा खरिद बिक्री खाता भर्ने, मूल्य अभिवृद्धि कर बिवरण भर्ने र आय बिवरण भर्ने सम्बन्धी प्रयोगात्मक कक्षा संचालन गरियो । उक्त कार्यक्रममा सहभागीहरुले आफूले नै कर विवरणहरु भर्न जानेकोमा पुन: यस प्रकारको कार्यक्रम हुनुपर्ने माग राख्दै खुशी व्यक्त गरेका थिए ।

त्यसैगरी मंसिर ६ गते इटहरी उद्योग वाणिज्य संघको सभाहलमा आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधा सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी उद्योग वाणिज्य संघसँगको सहकार्यमा हरेक वडाका नन्फाइलर करदाताहरू पहिचान गरी फाइलिङ गर्न लगाउने विषयमा जोड दिइएको थियो ।

सातौं राष्ट्रिय कर दिवस, २०७५ को अवसरमा सातै दिन विभिन्न कार्यक्रमहरु संचालन गरी सबैभन्दा बढी आयकर तिर्ने ५ जिल्लाका एक एक जना करदातालाई आन्तरिक राजस्व कार्यालय, धरानको सभाहलमा सम्मान कार्यक्रम आयोजना गरी सातौं राष्ट्रिय कर दिवसको समापन भयो ।



नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको बिक्री वितरण सम्वन्धी सूचना

अन्त:शुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ। उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्त:शुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्त:शुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्त:शुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ। अत: उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौं। कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ।

# आन्तरिक राजस्व कार्यालय जनकपुर

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ यस कार्यालयबाट कर जागरणसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइयो। मंसिर १ गते धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख लगायत सबै कार्यालय प्रमुखहरु, उद्योग वाणिज्य संघका पदाधिकारीहरु व्यवसायीहरु, पत्रकारहरु, NPABSON र PABSON का पदाधिकारीहरु र कार्यालयका सबै कर्मचारीहरु समेतको समूह जनकपुरधामको जानकी मन्दिर प्राङ्गणमा भेला भई कर दिवसका ब्यानर, प्लेकार्ड र नाराहरु सहित जनकपुरका मुख्य मुख्य चोक र बजारको परिक्रमा गरी आन्तरिक राजस्व कार्यालय जनकपुरको प्राङ्गणमा आइ सभामा परिणत भएको थियो । प्रमुख जिल्ला अधिकारी प्रदिपराज कडेलको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त सभामा आर्थिक ऐन २०७५ ले दिएका छुट सुविधाको बारेमा जानकारी गराउँदै साथै प्रमुख कर अधिकृत जयबहादुर भण्डारीले कर दिवस र कर सप्ताहको महत्वको बारेमा प्रकाश पार्नु भयो ।

कर सप्ताहको अवसरमा मंसिर २ गते कार्यालय परिसरको सरसफाइ गरियो भने मंसिर ३ देखि ५ गतेसम्म क्रमशः सिन्धुली जिल्लाको कमलामाई न.पा.मा, बर्दिबास नगरपालिकामा, जनकपुर जलेश्वर उद्योग वाणिज्य संघको सहकार्यमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो । मंसिर ७ गते कार्यालयको प्राङ्गणमा आयोजित कर दिवस समापन कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी प्रदिपराज कडेल र प्रमुख कर अधिकृत जयबहादुर भण्डारीले सम्मानित हुने करदाताहरु र पुरस्कृत हुने कर्मचारीलाई संयुक्त रुपमा प्रशंसा पत्र र पुरस्कार प्रदान गर्नुभयो ।





नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

**रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) मा रु. पैंतीस करोड भन्दा बढीको कारोवार हुने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले सो बमोजिम गर्नहुन जानकारी गराईएको छ ।

# आन्तरिक राजस्व कार्यालय सिमरा




सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा आन्तरिक राजस्व कार्यालय, सिमराद्वारा विविध कार्यक्रमहरुको आयोजना गरिएको छ । पहिलो दिन मंसिर १ गते जितपुर सिमरा उपमहानगरपालिकाका नगर प्रमुख डा. कृष्ण प्रसाद पौडेल, प्रमुख जिल्ला अधिकारी गणेश प्रसाद भट्टराई, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारी एवं जितपुर सिमरा नगर उद्योग वाणिज्य संघका प्रतिनिधि तथा पदाधिकारीहरु लगायत उद्योगीहरु, विद्यालयका शिक्षक तथा विद्यार्थी र स्थानीय करदाताहरुको सहभागितामा आयोजित प्रभातफेरी नगर परिक्रमा पश्चात सभामा परिणत भएको थियो ।



सो कार्यक्रममा वक्ताहरुले कर प्रशासनको दायरा फराकिलो पार्नुपर्ने र स्थानीय सरकार तथा केन्द्रीय सरकारले कुन कुन कर उठाउन पाउने हुन् त्यो स्पष्ट रुपमा कानुनमै व्यवस्था गर्नुपर्ने कुरालाई मुख्य रुपमा उठाएका थिए । साथै मुलुकको दिगो विकासका लागि परनिर्भरता कम गर्दै आन्तरिक स्रोतमा बढोत्तरी गर्दै लानु पर्ने भएकोले स्वतःस्फूर्त रुपमा कर तिर्नु पर्ने एवं तिरेको करको सही सदुपयोग हुनुपर्ने विषयलाई वक्ताहरुले जोड दिनु भएको थियो ।

कर सप्ताहकै अवसरमा मंसिर २ देखि ५ गतेसम्म स्थानीय नगर उद्योग वाणिज्य संघको कार्यालयहरु क्रमशः जितपुर सिमरा, कोल्हवी, निजगढ, बारा र सिम्रौनगढमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमहरुमा सम्बन्धित क्षेत्रका क्रियाशील जिल्ला उद्योग वाणिज्य संघ तथा स्थानीय उद्योगी व्यवसायीहरुसँगको सहभागिता रहेको थियो । कार्यक्रममा कार्यालयको तर्फबाट कर सम्वन्धी आधारभूत जानकारी, आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधा तथा करदातासँग कार्यालयको अपेक्षाका सन्दर्भमा धारणा प्रस्तुत भएको थियो । यसै गरी करदातारुको तर्फबाट समेत आ आफ्नो जिज्ञासा प्रस्तुत भएका थिए । सप्ताहको छैठौं दिन नेपाल रक्तसञ्चार केन्द्र, वीरगञ्ज शाखाको सहकार्यमा कार्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो ।

कर-सप्ताहको अन्तिम दिन जितपुर सिमरा उपमहानगरपालिकाका नगर प्रमुख डा. कृष्ण प्रसाद पौडेलको प्रमुख आतिथ्यमा सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७५ को समापन तथा करदाता सम्मान कार्यक्रम आयोजना गरी उत्कृष्ट करदाता सम्मान गर्नुका साथै कर सप्ताहका दौरान सहयोग गर्नुहुने जितपुर सिमरा नगर उद्योग वाणिज्य संघ, विभिन्न विद्यालय र नेपाल रेडक्रस सोसाइटी वीरगञ्जलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । कार्यक्रममा नगर प्रमुख डा. पौडेलले राज्य सञ्चालनको प्रमुख स्रोत राजस्व तिर्ने सम्पूर्ण करदाताहरुलाइ धन्यवाद दिदै आगामी दिनमा समेत कर सहभागिता वृद्धि गर्न आग्रह गर्नुभएको थियो । अन्त्यमा कार्यक्रम तथा कर सप्ताह, २०७५ को समापन गर्दै प्रमुख कर अधिकृत तुलसी प्रसाद चौलागाईले बजार अनुगमनलाई कर शिक्षा लिने अवसरको रुपमा ग्रहण गर्न, अनुशासित भई व्यवसाय गर्न, समयमै विवरण तथा कर दाखिला गर्न सवै करदाताहरुलाई आह्वान समेत गर्नु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय वीरगञ्ज

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७५ को अवसर पारी आन्तरिक राजस्व कार्यालय वीरगञ्जले विभिन्न कार्यक्रम आयोजना गरेको छ। सप्ताहव्यापी रुपमा मनाइएको कर दिवस प्रभात फेरीबाट शुरु भई सप्ताहभर विभिन्न करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम र मैत्रीपूर्ण फुटबल प्रतियोगिता समेतको आयोजना गरी सम्पन्न भएको छ । कर दिवसको पहिलो दिन मंसिर १ गते पर्सा जिल्लाका जानकारी तथा आर्थिक ऐन २०७५ ले व्यवस्था गरेका छुट संविधाका विषयमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कर सप्ताहको दोस्रो र पांचौ दिन स्थानीय एफ.एम.रेडियोहरुबाट कर सम्बन्धी अन्तरवार्ता तथा संवाद कार्यक्रम प्रशारण भयो । मंसिर ३ गते रक्तदान कार्यक्रम आयोजना गरियो । यसैगरी ४ गते मंगलबार वीरगञ्ज उद्योग वाणिज्य संघको

त्यसैगरी, कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते पर्सा जिल्ला अदालतका न्यायाधीश बद्री प्रसाद ओलीको प्रमुख आतिथ्यमा समापन कार्यक्रम आयोजना गरी करदाता सम्मान, पुरस्कार वितरण, वृक्षारोपण जस्ता कार्यक्रमहरु सम्पन्न गरियो। कार्यक्रममा प्रमुख अतिथि माननीय न्यायाधीश बद्री प्रसाद ओली, विशेष अतिथि वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्याम प्रसाद भण्डारी, नेपाल उद्योग वाणिज्य संघका




प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडेलको प्रमुख आतिथ्यमा आयोजना गरिएको उद्घाटन कार्यक्रममा सरकारी कार्यालयका प्रमुखहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको टोली, उद्योग वाणिज्य संघका पदाधिकारीहरु, उद्योगी व्यवसायीहरु, चार्टड एकाउण्टेण्ट, रजिष्टर्ड अडिटर, कर सहयोगी, विद्यार्थी तथा पत्रकारहरुको सहभागिता थियो । सोही दिन पोखरिया नगरपालिका क्षेत्रका उद्योगी व्यवसायीलाइ कर सम्बन्धी

सभा हलमा आर्थिक ऐन, २०७५ ले प्रदान गरेका छुट सुविधा लगायत कर सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । कर सप्ताहको पांचौ र छैठौ दिन क्रमशः उच्च मा.वि. तथा स्नातक तह स्तरीय कर: समृद्ध नेपाल, सुखी नेपालीको भर विषयक वक्तृत्वकला प्रतियोगिता र उच्च शिक्षा स्तरीय कर: समृद्ध नेपाल, सुखी नेपालीको भर विषयक कविता वाचन प्रतियोगिता आयोजना गरिएका थिए ।

केन्द्रीय सदस्य गणेश लामा, उद्योग वाणिज्य संघ वीरगञ्जका उपाध्यक्ष सुबोध गुप्ता, पत्रकार महासंघ पर्साका सभापति श्याम प्रसाद बञ्जारा, सम्मानित करदाता ओम्नी प्रा.लि.का संचालक आत्माराम कावरा लगायतले मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको सभापतित्व गर्नुभएका प्रमुख कर अधिकृत कोइरालाले कर दिवस तथा करसप्ताह कार्यक्रम सफल पार्न सहयोग, सहभागिता र सक्रियता जनाउने सबैप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय भरतपुर

"करः समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ आन्तरिक राजस्व कार्यालय भरतपुरद्वारा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरी सातौं राष्ट्रिय कर दिवस, २०७५ सम्पन्न गरियो। कार्यक्रमको पहिलो दिन मंसिर १ गते भरतपुरका सरकारी निकायहरु र निजी क्षेत्रका विभिन्न संघसंस्थाका कर्मचारीहरु, प्रतिनिधिहरु लगायत करदाताहरुको सहभागितामा प्रभातफेरीका साथ उद्घाटन कार्यक्रम सम्पन्न भयो । कर सप्ताहको दोस्रो दिन मंसिर २ गते कार्यालयको पहिलो सेवाग्राहीलाई सम्मान गरियो । सोही दिन स्थानीय एफ एम रेडियो र टेलिभिजनमा कर सम्बन्धी परिसम्वाद संचालन गर्नुका साथै करदाताको व्यवसाय दर्ता र खारेजीका सम्बन्धमा भरतपुर महानगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय र विभिन्न नगरपालिकाहरु लगायतका कार्यालयहरुका प्रतिनिधिहरु बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो ।

त्यसैगरी, मंसिर ३ देखि ६ गतेसम्म स्थानीय उद्योग वाणिज्य संघको सहकार्यमा क्रमशः मंसिर ३ गते नवलपरासी सुस्ता पूर्व गैडाकोट र भरतपुरमा, मंसिर ४ गते रत्ननगर र नवलपुर उद्योग वाणिज्य संघको सहकार्यमा क्रमशः रत्ननगर र नवलपरासी सुस्ता पूर्व कावासोतीमा, मंसिर ५ गते इच्छाकामना गाउँपालिकाको सहकार्यमा मुग्लिनमा र मंसिर ६ गते खैरहनी उद्योग वाणिज्य संघ र खोलेसिमल बजार व्यवस्थापन समितिको सहकार्यमा खैरहनी र खोलेसिमल बजारमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका थिए। यी कार्यक्रममा आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधाहरु लगायतका विषयहरु समावेश गरी कार्यलयको तर्फबाट कार्यपत्र प्रस्तुत गरिनुका साथै करदाताहरुबाट उठेका कर सम्बन्धी विविध जिज्ञासाहरुको सम्बोधन गरियो ।




मंसिर ७ गते भरतपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतको समुपस्थितिमा कर सप्ताह समापन समारोह सम्पन्न भयो । उक्त समापन कार्यक्रममा आ.व. २०७३/७४ मा सबैभन्दा बढी आयकर तिर्ने करदाता तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरियो। कार्यक्रमलाई चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, भरतपुर महानगरपालिकाका कार्यकारी अधिकृत नेत्र सुवदी, उद्योग वाणिज्य संघ ३ नं. प्रदेशका उपाध्यक्ष राजन गौतम लगायतका व्यक्तिहरुले सम्बोधन गर्नु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय पोखरा

सातौं राष्ट्रिय कर दिवसको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत मंसिर १ गतेदेखि ७ गतेसम्म आन्तरिक राजस्व कार्यालय पोखराले विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ । मंसिर १ गते आयोजित कार्यक्रम गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङबाट समुदघाटन भएको थियो। भने मंसिर ७ गते आयोजित करदाता सम्मान एवं कर दिवसको समापन समारोहको प्रमुख आतिथ्यता गण्डकी प्रदेशका आर्थिक मामिला एवं योजना मन्त्री माननीय किरण गुरुङले गर्नु भएको थियो । यस अवसरमा कार्यालयले कर्मचारी एव व्यवसायीबीच व्याडमिन्टन प्रतियोगिता, कर्मचारी एवं कर सहयोगीबीच फुटसल प्रतियोगिता आयोजना गरेको थियो। कर सप्ताह अन्तर्गत पश्चिमाञ्चल होटल संघ, पोखरा (HAN), रेष्टुरेण्ट एण्ड बार एशोसियसन अफ नेपाल, पोखरा (रेवान), ट्रेकिङ एजेन्सीज एशोसियसन अफ नेपाल, पोखरा (TAAN), नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल एजेन्ट, पोखरा (NATTA) बाट आयोजित बेग्ला बेग्लै अन्तरक्रिया कार्यक्रममा प्रमुख कर अधिकृत केशव कुमार उप्रेतीले आर्थिक ऐन, २०७५ को Scheme सम्बन्धी व्यवस्थाको जानकारी गराउँदै विद्यमान कर कानूनको



परिपालनामा जोड दिनु भयो । साथै सम्पूर्ण व्यवसायीहरुलाई अनिवार्यरुपमा विल विजक लिने दिने बानी गर्दै उच्च व्यावसायिक नैतिकता कायम गरी कर संकलनमा सहयोग गर्न आग्रह गर्नु भयो । सप्ताह व्यापी कार्यक्रमका दौरान आयोजित कविता प्रतियोगितामा स्नातक तहमा अध्ययनरत प्रतियोगीहरुले कर सम्बन्धी विषयमा आ-आफ्नो कविता वाचन गरेका थिए।

# आन्तरिक राजस्व कार्यालय भैरहवा




आन्तरिक राजस्व कार्यालय भैरहवाले "सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५" को विधिवत उद्घाटन कार्यालय प्राङगणमा गर्नुका साथै कर दिवसको अवसरमा कार्यालयवाट प्रकाशित "कर सम्वन्धी सामान्य जानकारी" शीर्षकको व्रोसियर विमोचन गरेको थियो । मंसिर १ गते उद्योगसंग सम्बन्धित विभिन्न संघ संस्थाका पदाधिकारी तथा प्रतिनिधि र उद्योगी, व्यवसायी, पेशाविद् तथा निजामती कर्मचारीहरुको सहभागितामा प्रभातफेरी आयोजना गरियो । कर सम्बन्धी ब्यानर र जनचेतना मूलक प्ले कार्डहरु लिई आन्तरिक राजस्व कार्यालय भैरहवाबाट शुरु भएको प्रभातफेरी भैरहवाका विभिन्न स्थान हुदै पुन: कार्यालय परिसरमा आएर कार्यक्रममा परिणत भएको थियो । सोही दिन नेपाल रेडक्रस सोसाइटी रक्त रञ्चार इकाई भैरहवासंगको समन्वय तथा सहकार्यमा कार्यालय परिसरमा आयोजित खुला रक्तदान आयोजना भयो ।

कर सप्ताहको दोस्रो दिन उद्योग वाणिज्य संघ नवलपरासीको समन्वय तथा सहकार्यमा करदाता शिक्षा र करसम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत देवीप्रसाद भण्डारीले समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थक बनाउन सबैको कर सहभागिता अनिवार्य रहेको हुंदा त्यसका लागि सबैको सहयोग आवश्यक रहेको बताउनु भयो । अबको राजस्व प्रशासन प्रबिधिमैत्री भएकोले प्रबिधिको उच्चतम प्रयोग गरी कर सहभागिता बढाउने र कर छली गर्नेलाई दुरुत्साहन गर्नेमा केन्द्रीत रहेको समेत सो अवसरमा उल्लेख गर्नुभयो । यसैगरी मंसिर ३ गते कार्यालयको सभाहलमा करदाताहरुका लागि e-TDS तथा e-Payment सम्वन्धी प्रशिक्षण कार्यक्रम संचालन गरियो ।

कर सप्ताहको चौथो दिन ४ गते आन्तरिक राजस्व कार्यालय भैरहवा र आन्तरिक राजस्व कार्यालय बुटवलको संयुक्त आयोजना एवम् तिलोत्तमा व्यापार संघ रुपन्देहीको सहकार्य तथा समन्वयमा मणिग्राम पार्टी प्यालेस रुपन्देहीमा करदाता शिक्षा र करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो । कार्यक्रममा तिलोत्तमा क्षेत्रका उद्योगी व्यवसायीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत भण्डारीले अब करदाता र कर अधिकृत बीच Face to face होइन net to net connection हुने बताउंदै करदाताले आफ्नो कर सम्बन्धी सम्पूर्ण काम online मार्फत घरमै बसी बसी गर्न सक्ने भएकोले सहज र गुणस्तरीय सेवा प्राप्त हुने बिश्वास व्यक्त गर्नु भयो । कर सप्ताहकै अवसरमा मंसिर ५ गते "कर: समृद्ध नेपाल सुखी नेपालीको भर" बिषयक खुला वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा आन्तरिक राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्र अन्तरगतका उच्च माध्यमिक र स्नातक तहमा अध्ययनरत बिद्यार्थीहरुको सहभागिता थियो । मंसिर ६ गते सामाजिक उत्तरदायित्व अन्तरगत सिद्धार्थनगरमा अवस्थित सिद्धार्थ बाल गृहमा आश्रित बालबालिकाहरुलाई आन्तरिक राजस्व कार्यालयको तर्फबाट शैक्षिक सामाग्री तथा साइकल वितरण गरिएको थियो ।

"सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५" को समापन कार्यक्रम आन्तरिक राजस्व कार्यालय भैरहवा र आन्तरिक राजस्व कार्यालय वुटवलको संयुक्त आयोजनामा होटल ड्रिमल्याण्ड गोल्ड रिसोर्ट प्रा.लि. मणिग्राम रुपन्देहीमा सम्पन्न भयो । कार्यक्रममा उत्कृष्ट करदाता, उत्कृष्ट कर्मचारी तथा वक्तित्वकला प्रतियोगितामा विजयी प्रतिभाहरुलाई सम्मान तथा पुरष्कृत गरियो । कार्यक्रममा उद्योगी, व्यवसायी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि र निजामती कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा कर प्रशासनको कार्यसम्पादन प्रगति तथा कर दिवसको विविध कार्यक्रमको समीक्षा सहित कार्यक्रम समापन गरियो ।

# आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज




सातौं राष्ट्रिय कर दिवसलाई भव्यताका साथ मनाउने सिलसिलामा साताव्यापी रुपमा आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जले निजी क्षेत्रका विभिन्न प्रतिनिधिमूलक संघ-संस्थाहरुको सहयोग, समन्वय र संलग्नतामा विभिन्न रचनात्मक एवं जागरणमूलक कार्यक्रमहरु संचालन गरेको छ। यस अवसरमा कार्यालयले २०७५ मंसिर १ गते प्रभातफेरी कार्यक्रम, २ गते महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई करदाता शिक्षा कार्यक्रम, ३ गते उद्योग वाणिज्य संघ बाँसगढीको समन्वयमा बाँसगढीमा करदाता शिक्षा कार्यक्रम, ४ गते उद्योग वाणिज्य संघ गुलरियाको समन्वयमा गुलरियामा करदाता शिक्षा कार्यक्रम, ५ गते साना किसान कृषि सहकारीको समन्वयमा कोहलपुरमा करदाता शिक्षा कार्यक्रम, ५ गते नै उद्योग वाणिज्य संघ कोहलपुरको समन्वयमा कोहलपुरमा अन्तरक्रिया कार्यक्रम, ६ गते आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको सभाकक्षमा बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

यसैगरी, स्थानीय संचार माध्यमहरुबाट कर सप्ताह अवधिभर सूचनाहरु संप्रेषण गरी तथा जानकारीमूलक ब्रोसरहरु वितरण गरेर आर्थिक ऐन, २०७५ ले प्रदान गरेका छुट सम्बन्धी व्यवस्थाहरुको प्रचार प्रसार गरियो। कर सम्बन्धी समसामयिक विषय र कार्यालयबाट भए गरेका सूचनामुलक गतिविधिहरु समेटिएका प्रमुख कर अधिकृतसँगका अन्तरवार्ताहरु स्थानीय रेडियोहरुबाट प्रशारण भएका थिए।

२०७५ मंसिर ७ गते कार्यालय परिसरमा एक कार्यक्रम गरी सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ को समापन गरियो। कार्यक्रमका प्रमुख अतिथि बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले कर प्रशासन करको दर भन्दा करको दायरा विस्तार गर्नेतर्फ लाग्नुपर्ने बताउनु भयो। यसैगरी, बाँके जिल्लाका उद्योगपति कन्हैयालाल वैद्यले विगत भन्दा कर प्रशासन सूचना प्रविधिमैत्री हुँदै गइरहेको र यसका धेरै पक्षमा सुधार भएको बताउनुभयो। कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन एवं कार्यक्रमको समापन गर्दै प्रमुख कर अधिकृत प्रकाश पौडेलले इमान्दार एवं कर कानूनको परिपालना गर्ने करदाताहरुलाई राज्यले सम्मान गर्ने प्रक्रियाको थालनी भएको र यसले करदाताहरुको स्वयं कर सहभागिता बढाउन महत्वपूर्ण भुमिका खेल्ने बताउनुभयो।

# आन्तरिक राजस्व कार्यालय कृष्णनगर

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह आन्तरिक राजस्व कार्यालय कृष्णनगरले विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको छ। कर सप्ताहको पहिलो दिन २०७५ मंसिर १ गते कार्यालय परिसरबाट सरकारी कार्यालयका प्रमुखहरु, उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीहरु, व्यवसायीहरु, उद्योगीहरु, लेखा परीक्षकहरु, कर सहयोगीहरु तथा पत्रकारहरुको सहभागितामा प्रभातफेरी कार्यक्रम शुरु भै शहरका विभिन्न भागको



परिक्रमा गरी आन्तरिक राजस्व कार्यालय, कृष्णनगरको प्राङ्गणमा आई सम्पन्न भयो।

दोश्रो दिन २०७५ मंसिर २ गते कार्यालयमा सेवा लिन आउने पहिलो करदाता रामजाली किराना पसलका प्रोप्राइटर मान बहादुर घर्तीमगरलाई कार्यालय प्रमुखबाट कर दिवसको टोपी तथा स्थायी लेखा नम्वर प्रमाणपत्र हस्तान्तरण गरी सम्मान गरियो ।

यसैगरी २०७५ मंसिर ३, ४ र ५ गते क्रमश: आर्थिक ऐन २०७५ मा भएका छुट तथा सुविधा सम्बन्धी व्यवस्थाहरुको सम्बन्धमा यस क्षेत्रका स्थानीय उद्योग वाणिज्य संघका पदाधिकारीहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम, कपिलवस्तु उद्योग वाणिज्य संघको समन्वयमा करदाता शिक्षा तथा अन्तरक्रिया र अर्घाखांची उद्योग वाणिज्य संघ र आन्तरिक राजस्व कार्यालय कृष्णनगरको संयुक्त आयोजनामा अर्घाखांची जिल्लामा करदाता शिक्षा तथा अन्तरकिया कार्यक्रम सञ्चालन गरियो । कर सप्ताहको अवसरमा २०७५ मंसिर ६ गते यस कार्यालयका प्रमुख कर अधिकृत पूर्ण प्रसाद न्यौपानेले स्थानीय एफ.एम.रेडियोको अन्तरवार्ता कार्यक्रममा सहभागी हुँदै कर सम्बन्धी विविध विषयमा करदाताहरुले उठाएका जिज्ञासाहरुको सम्बन्धमा सम्बोधन गर्नु भएको थियो । कर दिवसको अवसरमा सप्ताहभर मुख्य स्थानहरुमा कर सम्बन्धी सूचनामुलक पम्प्लेट वितरण गरी पोष्टर, व्यानर राखिनुका साथै कर सम्बन्धी जानकारी तथा सूचनाहरु प्रचार गरिएको थियो ।

कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यमा समापन समारोह आयोजना गरी कार्यालय अन्तर्गतका करदाताहरुलाई सम्मान र उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्दै कर दिवस २०७५ तथा कर सप्ताह सम्पन्न गरियो । सो समापन कार्यक्रममा स्थानीय उद्योग वाणिज्य संघका अध्यक्षहरु, पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख लगायतको उपस्थिति थियो ।

# आन्तरिक राजस्व कार्यालय बुटवल




"कर: समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ आन्तरिक राजस्व कार्यालय बुटवलले सातौं राष्ट्रिय कर दिवस विभिन्न कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ । सप्ताहव्यापी रुपमा संचालन भएको कार्यक्रमको पहिलो दिन मंसिर १ गते कर सम्बन्धी जनचेतनामूलक प्ले कार्ड र बाजागाजा सहित विभिन्न उद्योगी, व्यवसायी पेशाविद तथा कर्मचारीहरुको सहभागितामा प्रभातफेरी कार्यक्रम सम्पन्न गरियो । मंसिर २ गते कार्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । त्यसैगरी, मंसिर ३ र ४ गते क्रमश: बुटवल उद्योग वाणिज्य संघ र तिलोत्तमा व्यापार संघको सहकार्यमा स्थानीय उद्योगी व्यवसायीसंग e-payment र आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधाहरु लगायतका विषयहरु समावेश गरी कार्यलयको तर्फबाट कार्यपत्र प्रस्तुत गरिनुका साथै करदाताहरुबाट उठेका करसम्बन्धी विविध जिज्ञासाहरुको सम्बोधन गरियो ।

मंसिर ६ गते स्थानीय उच्च मा.वि. तथा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुका बीच कर: समृद्ध नेपाल, सुखी नेपालीको भर भन्ने विषयमा निबन्ध प्रतियोगिता संचालन गरियो । उक्त प्रतियोगितामा विभिन्न कलेजका ३१ जना छात्र छात्राको सहभागिता रहेको थियो । यसैगरी मंसिर ७ गते आन्तरिक राजस्व कार्यालय बुटवल र भैरहवाको संयुक्त आयोजनामा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा कार्यालयका करदाताहरु मध्ये आ.व. २०७३/७४ मा सबैभन्दा बढी आयकर तिर्ने करदाता तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान गरियो ।

कर सप्ताहभरी रुपन्देही जिल्लाका उपमहानगरपालिका, नगरपालिकाहरु, गाउँ पालिकाहरु र नवलपरासी, पाल्पा, गुल्मी जिल्ला अन्तरगतका करदाताहरुमा कर सम्बन्धी जानकारीमूलक सूचना सम्प्रेषण गर्न सबै दिन ब्रोसर तथा पम्पलेट वितरण र माईकिङ तथा प्रचार प्रसार गरी कर सम्बन्धी सूचनाहरु सम्प्रेषण गरिएको थियो ।

# आन्तरिक राजस्व कार्यालय दाङ




आन्तरिक राजस्व कार्यालय, दाङले कर सम्बन्धी जागरणमुलक कार्यक्रमहरु संचालन गरी सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह सम्पन्न गरेको छ। कार्यक्रमको पहिलो दिन मंसिर १ गते दाङ जिल्ला भरिका सबैजसो उद्योग वाणिज्य संघहरु, तुलसीपुर च्याम्बर अफ कमर्श, अडिटर्स एसोसियसन नेपाल (अडान) जिल्ला शाखा, पत्रकार, विभिन्न क्याम्पसका विद्यार्थीहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय व्यवसायी तथा सर्वसाधारण, कर कार्यालयका सबै कर्मचारीहरु लगायतको सहभागितामा तुलसीपुरका विभिन्न क्षेत्रमा प्रभातफेरीको आयोजना गरिएको थियो । उक्त कार्यक्रमा स्थानीय थारु संस्कृति झल्काउने नाच तथा झाँकीका साथै परम्परागत नेपाली संस्कृति झल्काउने पञ्चेबाजा सहित कर सचेतनामूलक गीत संगीतको साथमा बजार परिकमा गरिएको थियो । सोही दिन स्थानीय राप्ती अंचल अस्पताल परिसरमा कार्यालयका कर्मचारीहरु, उद्योग वाणिज्य संघका पदाधिकारी तथा तुलसीपुर Rotract समेतको सहभागितामा बृहत सरसफाइ तथा कार्यालय परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गरियो ।

मंसिर २ देखि ५ गतेसम्म विस्तृत करदाता शिक्षा तथा चेतनामूलक सामग्रीहरु, पर्चा, पम्प्लेट तथा आर्थिक विधेयक, २०७५ ले व्यवस्था गरेका कर छुटको बारेमा जानकारी समेत प्रदान गरिएका विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरियो । कार्यक्रममा जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रमुख कर अधिकृत, कर अधिकृत, उद्योग वाणिज्य संघका अध्यक्ष, वस्तुगत संघ संस्थाका प्रतिनिधि, लगायत विभिन्न क्षेत्रका प्रबुद्धवर्गले कर सहभागिता बढाउनु पर्ने, सबै कारोबार करको दायरामा आउनु पर्ने, दायरामा आएका कारोवारहरुको समेत यथार्थपरक घोषणा भई विल विजक पूर्ण रुपमा जारी गर्नुपर्ने, राजस्व छली तथा चुहावटका बिषयमा सबैले सूचना तथा जानकारी दिई कर प्रशासन तथा स्थानीय प्रशासनलाई सहयोग गर्नुपर्ने, सरोकारवाला सबै निकाय तथा पक्षहरुले समन्वयात्मक तरिकाले कार्य सम्पादन गरी राजस्व चुहावट न्यूनीकरण गर्दै राजस्व संकलन बढाउनु पर्ने आवश्यकता माथि जोड दिनुभएको थियो ।

त्यसैगरी मंसिर ६ गते राप्ती बबई बहुमुखी क्याम्पसमा आयोजना गरिएको बृहत करदाता शिक्षा, कर सचेतना तथा अन्तरक्रिया कार्यक्रममा स्नातक तहका विद्यार्थीहरु, क्याम्पस प्रमुख, संचालक समितिका अध्यक्ष लगायत अन्य प्राध्यापकहरुको उपस्थिति रहेको थियो ।

मंसिर ७ गते कार्यालयको सभाहलमा प्रमुख जिल्ला अधिकारी तथा तुलसीपुर उप महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा सातौं कर दिवस तथा कर सप्ताहको औपचारिक कार्यक्रमहरुको समापन गरिएको थियो ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**सूचना**

आर्थिक बिधेयक, २०७५ बाट मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा संशोधन गरी ईटा उत्पादन, मदिरा डिष्ट्रिव्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, न्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने ब्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका क्षेत्र भित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्यूटीपार्लर, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने ब्यक्तिलाई अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने ब्यवस्था लागू गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ । प्रकाशित सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**"हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।"**

# आन्तरिक राजस्व कार्यालय सुर्खेत

आन्तरिक राजस्व कार्यालय सुर्खेतले सातौं राष्ट्रिय कर दिवस, २०७५ "करः समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरी सम्पन्न गरेको छ । मंसिर १ गते करदातालाई केन्द्रविन्दुमा राखी करदाता एवं प्रतिनिधिमूलक संघ संस्थाहरु, कर्णाली प्रदेश उद्योग वाणिज्य संघ, सुर्खेत उद्योग वाणिज्य संघ, सुर्खेत चेम्वर्स अफ कमर्स, अडिटर्स एशोसियशन, सुर्खेत जिल्ला स्थित व्यापार व्यवसायसंग सम्बन्धित विभिन्न वस्तुगत संघसंस्थाहरु, करदाता र कार्यालयका कर्मचारीहरु समेतको सक्रिय सहभागितामा व्यानर र प्लेकार्ड सहित बजार परिक्रमा गरी उद्घाटन कार्यक्रम सम्पन्न भयो । सोही दिन कार्यालय परिसर सरसफाई गरी बेलुकी कार्यालयमा दिपावली गरी उत्सव समेत गरियो ।

कर सप्ताहको दोस्रो दिन मंसिर २ गते कार्यालयमा सेवा लिन आउने पहिलो सेवाग्राहीलाई फूलमाला र अविरले स्वागत गरी दोसल्ला ओढाई सम्मान गरियो। साथै वीरेन्द्रनगर नगरपालिकाको सिद्धपाइला क्याम्पसमा स्नातक तह व्यवस्थापन संकाय तर्फका तेस्रो र चौथो सेमेष्टरमा अध्ययनरत करिव ७० जना विद्यार्थीहरुको बीचमा करदाता शिक्षा कार्यक्रम संचालन गरियो ।

२०७५ मंसिर ३, ५ र ६ गते क्रमशः दैलेख उद्योग वाणिज्य संघको समन्वयमा दैलेख जिल्लामा र जाजरकोट उद्योग वाणिज्य संघको समन्वयमा जाजरकोट र सुर्खेत उद्योग वाणिज्य संघको समन्वयमा क्रमशः दैलेख, जाजरकोट र सुर्खेत जिल्लाको बाबियाचौर स्थित करदाताहरुलाई लक्षित गरी करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रम संचालन गरियो । सो कार्यक्रममा कर सम्बन्धी सामान्य जानकारी, कर दर्ता, विवरण दर्ता एवं राजस्व दाखिला तथा आर्थिक ऐन, २०७५ ले आयकर तथा मु.अ.कर तर्फ गरेको छुट एवं सुविधा सम्वन्धमा जानकारी गराइएको थियो ।

कर सप्ताहको अन्तिम दिन २०७५ मंसिर ८ गते सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी विरेन्द्र कुमार यादवको प्रमुख आतिथ्यमा सुर्खेत उद्योग वाणिज्य संघ, सुर्खेत चेम्वर अफ कमर्स, अडिटर्स एशोसियशन नेपाल, सुर्खेतका पदाधिकारी एवं उद्योगी व्यावसायी, करदाता र कार्यालयका कर्मचारी समेतको उपस्थितिमा समापन कार्यक्रम आयोजना गरियो । कार्यक्रमका प्रमुख अतिथिले करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयले नियमित रुपमा कर शिविर एवं कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने वताउनुभयो । सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, सुर्खेतका प्रमुख कर अधिकृत भूमिराम शर्माले कर सप्ताह अवधिमा सम्पन्न भएका कार्यक्रमहरु माथि प्रकाश पार्नु भएको थियो । सो अवसरमा उहांले कर सहभागिता एवं कर परिपालनामा अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक ऐन, २०७५ ले गरेका व्यवस्था एवं छुट सुविधाहरुको चर्चा गर्दै ती सुविधाको उपयोग गरी लाभ लिन आव्हान गर्दै प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिई कार्यान्वयन गर्ने र करदाता सेवालाई आगामी दिनमा थप गुणस्तरीय र प्रभावकारी वनाउने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।



# आन्तरिक राजस्व कार्यालय बागलुङ

आन्तरिक राजस्व कार्यालय बागलुङले सातौं राष्ट्रिय कर दिवस, २०७५ "कर: समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरी सम्पन्न गरेको छ। कार्यक्रमको पहिलो दिन मंसिर १ गते बागलुङ बजार परिक्रमा गर्ने गरी प्रभातफेरीका साथ माननीय न्यायाधिश शेषराज शिवाकोटीको प्रमुख आतिथ्यमा करसप्ताहको उद्घाटनसम्पन्न भयो। कर सप्ताहको दोस्रो दिन मंसिर २ गते पर्वत जिल्लाको मोदी गाउंपालिकामा, मंसिर ३ गते म्याग्दी जिल्लाको बेनी नगरपालिकामा, मंसिर ४ र ५ गते मुस्ताङ्ग जिल्लामा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

यसैगरी, छैठौं दिन मंसिर ६ गते स्थानीय धौलागिरी टेलिभिजनमा कर सम्बन्धी परिसम्वाद संचालन भयो भने मंसिर ७ गते माननीय मुख्य न्यायाधीश शेषराज शिवाकोटीको प्रमुख आतिथ्यमा बागलुङ जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु, उद्योग वाणिज्य संघका पदाधिकारी, करदाताहरु, पत्रकारहरु लगायतको उपस्थितिमा सबैभन्दा बढी कर सहभागिता जनाउने करदाताको सम्मान र उत्कृष्ट कार्यसम्पादन हुने कर्मचारीलाई पुरस्कार वितरण गरी कर दिवसको समापन कार्यक्रम सम्पन्न भयो।



# आन्तरिक राजस्व कार्यालय कालिमाटी

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ को अवसरमा आन्तरिक राजस्व कार्यालय कालिमाटीले विभिन्न शिक्षा तथा सचेतना कार्यक्रम संचालन गरेको छ। कर दिवसको पहिलो दिन मंसिर १ गते आन्तरिक राजस्व विभागले आयोजना गरेको मुल समारोहमा कार्यालयका सम्पूर्ण कर्मचारीहरुको ब्यानर सहित सहभागिता रहेको थियो। कर सप्ताहको तेस्रो दिन मंसिर ३ गते आन्तरिक राजस्व विभागले उपलब्ध गराएका संदेशमूलक प्रचार सामग्री कार्यालयको कार्यक्षेत्र अर्न्तगतका कीर्तिपुर, बल्खु, कलंकी, कालिमाटी, ताहचल, चोभार, सोल्टीमोड, लगायतका स्थानहरुमा प्रसारण



गरिएको थियो। त्यसैगरी, मंसिर ४ र ५ गते क्रमशः काठमाण्डौं महानगरपालिका वडा नं. १४ स्थित बनहार्ट कलेजमा कक्षा १२ का व्यवस्थापन संकायका विद्यार्थीहरुसंग र सहकारी संघ, संस्थाहरुसँग करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा कार्यालयको तर्फबाट रोजगारीको कर गणना, अग्रिम कर कट्टी, आय कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका करका आधारभूत बिषयवस्तु र आर्थिक ऐन, २०७५ ले प्रदान गरेका कर छुट तथा सुविधाका बारेमा जानकारी प्रदान गरिएको थियो।

# आन्तरिक राजस्व कार्यालय कोटेश्वर

सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७५ को अवसरमा आन्तरिक राजस्व कार्यालय कोटेश्वरले विभिन्न शिक्षा तथा सचेतना कार्यक्रम संचालन गरेको छ । कर दिवसको पहिलो दिन मंसिर १ गते आन्तरिक राजस्व विभागले आयोजना गरेको मूल समारोहमा कार्यालयका सम्पूर्ण कर्मचारीहरुको ब्यानर सहित सहभागिता रहेको थियो । दोस्रो दिन मंसिर २ गते आन्तरिक राजस्व कार्यालय, कोटेश्वरमा पहिलो सेवा लिन आउने करदातालाई सम्मान स्वरुप खादा ओढाई सेवा प्रवाह गरियो । सोही दिन कार्यालयको सभाहलमा कोटेश्वर व्यवसायी संघसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा संघका पदाधिकारी लगायत सदस्यहरुलाई कार्यालयको तर्फबाट आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधा लगायत आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन एवं समसामयिक ऐन, नियम र करदाताका अधिकारका विषयमा प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रममा बोल्दै व्यापार संघका अध्यक्ष सरोज कुमार थापा लगायत अन्य व्यापारी एवं व्यवसायीहरुले यस प्रकृतिका कार्यक्रमले कर सम्बन्धी सुक्ष्म जानकारी प्राप्त हुने भएकोले आगामी दिनमा पनि यस्ता कार्यक्रम एवं अन्तरक्रियाको आयोजना गरिनुपर्ने माग राखेका थिए ।

त्यसैगरी, मंसिर ८ गते नेपाल निर्माण सामग्री व्यापार संघ वाग्मती कागेश्वरी–मनोहरा शाखासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो अवसरमा संघका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी एवं सदस्यहरुको सघन उपस्थिति रहेको थियो । उक्त अवसरमा कार्यालयको तर्फबाट आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधा लगायत कर सम्बन्धी कानूनमा भएका विषयमा उपस्थित करदातालाई जानकारी गराउनुका साथै करदाताका प्रश्न एवं जिज्ञासालाई संबोधन गरिएको थियो । यस अवसरमा संघका पदाधिकारी एवं सदस्यहरुले आर्थिक ऐन, २०७५ ले दिएका छुट सुविधा लगायतका कर कानुनमा भएका विषयलाई उजागर गर्नु भएकोमा प्रमुख कर अधिकृत लगायत कर प्रशासनलाई धन्यवाद दिदैं आगामी दिनमा हुने यस प्रकृतिका अन्तरक्रिया कार्यक्रमलाई सघन रुपमा करदाताको नजिक पुग्नुपर्ने सुझाव पेश गरेका थिए ।



# आन्तरिक राजस्व कार्यालय चावहिल



सातौं राष्ट्रिय कर दिवस, २०७५ आन्तरिक राजस्व कार्यालय चावहिलले करः समृद्ध नेपाल, सुखि नेपालीको भर भन्ने मुल नाराको साथ विविध कार्यक्रमहरु संचालन गरी सम्पन्न गरेको छ । कर सप्ताहको अवसरमा आफ्नो कार्यक्षेत्र अन्तर्गत का.म.न.पा. वडा नं. ६ र ७ मा कर सम्बन्धी सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो । कर सप्ताहका अवसरमा कार्यालयको कार्यक्षेत्र अन्तर्गतका व्यवस्थापन सम्बन्धी पढाई हुने सेन्ट्लरेन्स कलेज चुच्चेपाटी तथा रिलायन्स इन्टरनेशनल कलेज, सरस्वतीनगर काठमाडौंमा अध्ययनरत विधार्थीहरुलाई कर सम्बन्धी विषयमा कर शिक्षा कार्यक्रम संचालन गरियो । यसैगरी कार्यालयमा कर सहयोगी र करदाताहरुको सहभागितामा कर सम्बन्धी र आर्थिक ऐन, २०७५ ले दिएको छुट र सुविधाका सम्बन्धमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । त्यस्तै सप्तक कला प्रतिष्ठान काठमाडौंका कलाकारसंग सम्झौता गरी “कर कर” शीर्षकमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सरस्वतीनगर, जोरपाटी र मिलनचोक चावहिल काठमाडौंमा सडक नाटक प्रदर्शन गरियो । विभागवाट प्राप्त जानकारी तथा सन्देशमूलक नमूना पर्चा छपाई गरी करदाताहरुलाई वितरण गर्ने कार्य समेत गरियो ।

# आन्तरिक राजस्व कार्यालय टंगाल



सातौं राष्ट्रिय कर दिवस, २०७५ “कर: समृद्ध नेपाल, सुखी नेपालीको भर” भन्ने मुल नाराका साथ भव्य रुपमा मनाउने सन्दर्भमा आन्तरिक राजस्व कार्यालय, टंगालले मंसिर १ देखि ७ गतेसम्म सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रमको पहिलो दिन मंसिर १ गते कार्यालयको व्यानरसहित सम्पूर्ण कर्मचारीहरु करसम्बन्धी जागरण ल्याउने पर्चा र पम्प्लेट हातमा लिई आन्तरिक राजस्व विभागद्वारा आयोजित प्रभातफेरि तथा कर सप्ताहको उद्घाटन कार्यक्रममा सरिक भएका थिए।

कर सप्ताहको दोस्रो दिन मंसिर २ गते कार्यालयका प्रमुख कर अधिकृत लक्ष्मी पराजुलीले कार्यालयका कर्मचारीहरु र उपस्थित करदाताहरुमाझ कार्यालयबाट सो दिन पहिलो स्थायी लेखा नम्वर लिने करदाता श्री सल्युशन्स प्रा.लि. का संचालक श्रेयन पौडेललाई सम्मान गर्नुभएको थियो । तेस्रो दिन मंसिर ३ गते कार्यालयको सभाहलमा अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो। करदाताहरुबाट उठेका करसम्बन्धी विविध जिज्ञासाहरुको प्रमुख कर अधिकृत र कर अधिकृतहरुले जवाफ सहित समाधान गर्नुभएको थियो ।

यसैगरी चौंथो दिन मंसिर ४ गते स्कुल कलेजका शिक्षक विद्यार्थीबीच कर सचेतना र अन्तरक्रिया गर्ने कार्यक्रम अनुरुप श्री धुम्रबराह माध्यमिक विद्यालय, धुम्बाराहीमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु र शिक्षकलाई कर सम्बन्धी विविध जानकारी प्रदान गरिएको थियो। कर सप्ताहको पाँचौ र छैठौं दिन मंसिर ५ र ६ गते स्थानीय रुपमा निजी क्षेत्रका संघ, संगठन तथा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम संचालन भएको थियो । प्रमुख कर अधिकृत, कर अधिकृतहरु र सहभागीहरुबीच आर्थिक ऐन, २०७५ ले दिएका विविध छुट, सुविधा लगायत कर कानूनमा विद्यमान रहेका व्यवस्थाका बारेमा अन्तरक्रिया सम्पन्न भयो ।

यसरी सप्ताहव्यापी रुपमा आयोजना गरिएका करदाता सचेतना, करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रमले विभिन्न क्षेत्रका करदाता तथा विद्यार्थी र शिक्षकहरु समेत लाभान्वित भएका थिए ।

**<u>अग्रिम कर असुल हुने सम्बन्धी सूचना</u>**

सामयिक कर असुल ऐन,२०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन,२०५८ को दफा (९५क) को उपदफा (२) को खण्ड (क) मा भएको संसोधन अनुसार " प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत, र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले, " भन्ने व्यवस्था भएकोले मिति २०७५।०४।०१ देखिको कारोबारमा सो अनुसार अग्रिम कर असुल हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

# आन्तरिक राजस्व कार्यालय ठमेल



सातौं राष्ट्रिय कर दिवस, २०७५ "कर: समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ भव्य रुपमा मनाउने सिलसिलामा आन्तरिक राजस्व कार्यालय, टंगालले मंसिर १ गतेदेखि ७ गतेसम्म सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। पहिलो दिन मंसिर १ गते कार्यालयका सम्पूर्ण कर्मचारीहरु कार्यालयको व्यानरसहित आन्तरिक राजस्व विभाग, लाजिम्पाटदेखि प्रज्ञाभवन, कमलादीसम्मको प्रभातफेरीमा सहभागी भएका थिए ।

सातौं राष्ट्रिय कर सप्ताह, २०७५ को दोस्रो दिन मंसिर २ गते यस कार्यालयमा सेवा लिन आउनु भएका पहिलो करदाता मुना के.सी.लाई कार्यालयका प्रमुख कर अधिकृत टंकनाथ लम्सालले सम्मान गर्नु भएको थियो । यसैगरी, मंसिर ३ गते यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका वडा नं. १७, १८, २५ र २७ मा कर सम्बन्धी जानकारीमूलक पर्चा, ब्रोसरहरु वितरण तथा विभिन्न स्थानहरुमा तुल, व्यानरहरु राखिएको थियो भने मंसिर ४ र ६ गते "आर्थिक ऐन, २०७५ ले दिएका छुट तथा सुविधा" सम्बन्धी विषयमा प्रस्तुतिकरण सहित करदाता शिक्षा कार्यक्रम र अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनुका साथै विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने प्रकृया सम्बन्धी जानकारी समेत प्रदान गरियो । अन्तरक्रिया कार्यक्रममा यस कार्यालयको कार्यक्षेत्र भित्रका वडा नं. १७, १८, २५ र २७ का वडा अध्यक्ष तथा प्रतिनिधिहरु, नेपाल औषधी थोक व्यवसायी संघ (पिडान), नेपाल औषधी व्यवसायी संघ (एनसीडिए), लेखापरीक्षकहरु, पर्यटन व्यवसायीहरु, होटल व्यवसायी, कर सहयोगी तथा अन्य करदाताहरुको सहभागिता रहेको थियो ।

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

लाजिम्पाट, काठमाडौंको

## कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने सम्बन्धी सूचना

**एक करोड रुपैया भन्दा बढी मूल्यको सवारी साधनको खरिदकर्ताले त्यस्तो सवारी साधन नामसारी गराउँदा अनिवार्य रुपमा कर चुक्ता प्रमाणपत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पेश गर्नुपर्ने व्यहोरा मिति २०७५/०४/०४ को निर्णयअनुसार सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।**

# करदाता सेवा कार्यालय ईलाम




करदाता सेवा कार्यालय, ईलामले सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा जिल्लाका बजार, आर्थिक केन्द्र तथा विभिन्न स्थानमा ब्यानर राख्ने, आर्थिक ऐन, २०७५ ले दिएका छुट तथा सुविधाहरु सम्बन्ध पर्चा वितरण, सम्मानका लागि कर्मचारी तथा करदाता छनौट, जिल्लामा सञ्चालित एफ.एम. रेडियोहरुबाट पौष मसान्तसम्म भएका छुट तथा सुविधा सम्बन्धी कार्यक्रम प्रसारण लगायतका क्रियाकलापहरु सम्पन्न गरेको छ।

कर दिवसको पहिलो दिन मंसिर १ गते आन्तरिक राजस्व कार्यालय भद्रपुर तथा उद्योग वाणिज्य संघ झापाको संयुक्त आयोजनामा संचालन भएको कर दिवस तथा सप्ताह उद्घाटन कार्यक्रम अन्तर्गत प्रभातफेरी ऱ्यालीमा प्लेकार्ड सहित कार्यालयका सम्पूर्ण कर्मचारीहरुको सहभागिता रह्यो । त्यसैगरी मंसिर २ गते माईजोगमाई गाउँपालिकाका अध्यक्षको प्रमुख आतिथ्यतामा उद्योग वाणिज्य संघ नयांबजारमा अन्तरक्रिया सम्पन्न भयो । मंसिर ४ गते देउमाई नगरपालिका मंगलवारेमा प्रदेश सभा सदस्यको प्रमुख आतिथ्य तथा आ.रा.का.भद्रपुरका प्रमुख कर अधिकृत र नगर प्रमुखको उपस्थितिमा उद्योग वाणिज्य संघ मंगलबारेमा र मंसिर ६ गते माई नगरपालिका दानावारीमा प्रदेश सभा सदस्यको प्रमुख आतिथ्य तथा आ.रा.का.भद्रपुरका प्रमुख कर अधिकृत, नगरप्रमुखको प्रमुख आतिथ्यतामा उद्योग वाणिज्य संघ दानावारीमा करदाताहरुलाई आर्थिक ऐन, २०७५ का छुट सुविधाहरु बारेमा जानकारी प्रदान गर्दै कर सम्वन्धी शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । मंसिर ५ गते ईलाममा सञ्चालित नेपाल वाणी एफ.एम.रेडियोमा कर तथा छुट सुविधा सम्बन्धी प्रत्यक्ष संवाद कार्यक्रम संचालन गरिएको थियो ।

# करदाता सेवा कार्यालय धनकुटा



"करः समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने मुल नाराका साथ सातौं राष्ट्रिय कर दिवस, २०७५ मंसिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रमहरु गरी करदाता सेवा कार्यालय, धनकुटाले सातौं राष्ट्रिय कर दिवस, २०७५ सम्पन्न गरेको छ। कर दिवसको पहिलो दिन मंसिर १ गते उद्योग वाणिज्य संघ संगको सहकार्यमा धनकुटा बजारमा प्रभातफेरी कार्यक्रम गरिएको थियो। सोही दिन धनकुटा बजारमा करदाता शिक्षा तथा अन्तकृया कार्यक्रम सम्पन्न गरियो ।

कर सप्ताहको दोस्रो दिन आन्तरिक राजस्व कार्यालय धरानसंगको सहकार्यमा धनकुटाको हिले बजारमा करदाता शिक्षा तथा अन्तकृया कार्यक्रम सम्पन्न गरियो । यसैगरी तेस्रो दिन कार्यक्रम तेह्रथुमको म्याङलुङ नगरपालिकाको कार्यालयमा २ वटा छुट्टाछुट्टै करदाता शिक्षा तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भयो ।

# करदाता सेवा कार्यालय मलङ्गवा



करदाता सेवा कार्यालय मलङ्गवाले सातौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७५ करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरी सम्पन्न गरेको छ । उक्त अवसरमा करदातालाई कर सम्बन्धी आधारभूत जानकारी प्रदान गर्नुका साथै आर्थिक ऐन, २०७५ मा भएका कर छुट सम्बन्धी व्यवस्थाहरुको छलफल गरिएको थियो । त्यसैगरी, सर्लाही जिल्लाका विभिन्न स्थानमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिएको थियो । उक्त करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरुमा करदाताबाट व्यक्त भएका जिज्ञासा तथा गुनासा लगायत करदाताको तर्फबाट उठान भएका विषयमा छलफल गरी सम्बोधन गरिएको थियो । करदाता सेवा कार्यालयका कर्मचारीहरु, सर्लाही जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, व्यवसायीहरु, बुद्धिजिवीहरु, पेशाकर्मीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु लगायत सर्वसाधारणहरुको उपस्थितिमा सम्पन्न गरिएका करदाता शिक्षा कार्यक्रमहरुबाट कर सम्बन्धी विविध जानकारी हासिल गरी करदाताहरु थप उत्साहित तथा उत्प्रेरित भएका थिए ।

# करदाता सेवा कार्यालय गौर




करदाता सेवा कार्यालय गौर, रौतहटले सातौं राष्ट्रिय कर दिवस एवं कर सप्ताह, २०७५ विभिन्न कार्यक्रम तथा गतिविधिका साथ मनाएको छ । कर सप्ताहको पहिलो दिन मंसिर १ गते रौतहट जिल्लाका प्र.जि.अ.गोविन्द प्रसाद रिजालज्यूको प्रमुख आतिथ्यमा करदाता सेवा कार्यालयको प्रांगणमा कार्यालयका कर्मचारीहरु, रौतहट जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, व्यवसायीहरु, बुद्धिजिवीहरु, पेशाकर्मीहरु, संघसंस्थाका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र सर्वसाधारणको सहभागितामा कर दिवस, २०७५ को मूल नारा "कर: समृद्ध नेपाल सुखी नेपालीको भर" का साथै कर सम्बन्धी अन्य नाराहरु समेटिएको व्यानर तथा पम्प्लेटका साथ गौर बजारमा प्रभातफेरी पश्चात रौतहट उद्योग वाणिज्य संघको सभाहलमा उद्घाटन कार्यक्रम सम्पन्न गरियो । कर सप्ताहको दोस्रो दिन पहिलो प्यान कार्ड लिने सेवाग्राही न्यू दाइ भाइ फैन्सी एण्ड सू सेन्टरका प्रोपाइटर नरेन्द्र ढकाललाई सम्मान गरियो । कर सप्ताहको अवसरमा चन्द्रपुर नगरपालिका वार्ड नं. १० डूमरिया बजार, यमुनामाई गाउंपालिका वार्ड नं. १ स्थित सुकदेव चोक, गरुडा नगरपालिका वार्ड नं. ५ शिवनगर बजार, कटहरिया नगरपालिका वार्ड नं. १ कटहरिया, गरुडा नगरपालिका वार्ड नं. ५ समनपुरमा स्थानिय उद्योगीहरु, व्यवसायीहरु, पेशाकर्मीहरु, वौद्धिक वर्ग, संघसंस्थाका प्रतिनिधिहरु, कर सहयोगीहरु, पत्रकारहरु तथा सर्वसाधारणहरुको उत्साहजनक उपस्थितीमा कर सम्बन्धी आधारभूत जानकारी, करदाता शिक्षा, आर्थिक ऐन, २०७५ मा भएका कर छुट सम्बन्धी व्यवस्थाहरु तथा कर सम्बन्धी विषयहरुको सन्दर्भमा छलफल र अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिएका थिए ।

**सातौं राष्ट्रिय कर दिवस २०७५ का अवसरमा आन्तरिक राजस्व विभाग तथा अन्तर्गत कार्यालयहरुबाट सम्मानित हुने करदाताहरु, पुरस्कृत हुने कर्मचारीहरु र विभिन्न अतिरिक्त क्रियाकलापका विजयी महानुभावहरुको नामावली:**

## १. सम्मानित हुने करदाताहरु

| क्र.स | सम्मान गर्ने कार्यालय | पुरस्कार प्रदान गरिएको विधा | करदाताको नाम |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | सबैभन्दा बढी कर तिर्ने करदाता | सूर्य नेपाल प्रा.लि. |
| २ | आन्तरिक राजस्व विभाग | निर्यातकर्ताहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | डाबर नेपाल प्रा.लि. |
| ३ | आन्तरिक राजस्व विभाग | उत्पादन र उर्जामूलक उद्योग (मदिरा र चुरोट वाहेक) मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | हिमाल पावर लि. |
| ४ | आन्तरिक राजस्व विभाग | कृषि एवं पशुपंछीजन्य उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | प्रोवायटिक इण्डष्ट्रिज प्रा.लि. |
| ५ | आन्तरिक राजस्व विभाग | सहकारी तथा लघु वित्त मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| ६ | आन्तरिक राजस्व विभाग | बैंक वित्तीय संथा तथा विप्रेषण कारोवार मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नबिल बैंक लि. |
| ७ | आन्तरिक राजस्व विभाग | वीमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नेपाल पुनर्वीमा कम्पनी लि. |
| ८ | आन्तरिक राजस्व विभाग | स्वास्थ्य तथा शिक्षा सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नोबल मेडिकल कलेज टिचिङ्ग हस्पिटल प्रा.लि. |
| ९ | आन्तरिक राजस्व विभाग | सूचना प्रविधि सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | एफ.१ सफ्ट इन्टरनेशनल प्रा. लि. |
| १० | आन्तरिक राजस्व विभाग | पर्यटन व्यवसायी मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड |
| ११ | आन्तरिक राजस्व विभाग | व्यापार व्यवसायी मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिप्रदि ट्रेडिङ्ग प्रा.लि. |
| १२ | आन्तरिक राजस्व विभाग | वार्षिक रु.४० करोडसम्म कारोवार भएका मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नेपाल इन्भेष्टमेन्ट प्रा.लि. |
| १३ | आन्तरिक राजस्व विभाग | वार्षिक रु.४० करोड देखि रु.८० करोडसम्म कारोवार भएका मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नेपाल धितोपत्र विनिमय बजार लि. |
| १४ | आन्तरिक राजस्व विभाग | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिद्धार्थ शम्शेर ज.ब.रा. |
| १५ | आन्तरिक राजस्व विभाग | मूल्य अभिवृद्धि कर २०६५।४।१ देखि २०७५ असारमसान्तसम्म समयमै कर विवरण र कर बझाएका करदाता तथा आ.व.२०७३।७४ मा सबैभन्दा बढी मू.अ.कर तिर्ने करदाता | घोराही सिमेन्ट प्रा.लि. |

## २. कार्यालयहरूबाट सम्मानित हुने करदाताहरू

| क्र.स | सम्मान गर्ने कार्यालय | पुरस्कार प्रदान गरिएको विधा | करदाताको नाम | जिल्ला |
|---|---|---|---|---|
| १ | आ.रा.का. भद्रपुर | आयकर तर्फ | नागबेली लघुवित्त विकास बैंक लि | झापा |
| २ | आ.रा.का. भद्रपुर | आयकर तर्फ | तारागाउँ टी इस्टेट प्रा.लि. | इलाम |
| ३ | आ.रा.का. भद्रपुर | आयकर तर्फ | कञ्चनजङ्गा टी स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. | पाँचथर |
| ४ | आ.रा.का. भद्रपुर | आयकर तर्फ | विकी ट्रेड एण्ड सप्लायर्स | ताप्लेजुङ्ग |
| ५ | आ.रा.का. भद्रपुर | मू. अ. कर तर्फ | अम्बे भवानी प्लाइउड इण्डष्ट्रिज | झापा |
| ६ | आ.रा.का. भद्रपुर | स्वास्थ्य सेवा कर तर्फ | विर्ता सिटी अस्पताल | झापा |
| ७ | आ.रा.का. भद्रपुर | शिक्षा सेवा शुल्कतर्फ | न्यूटन एजुकशेनल एकेडेमी | झापा |
| ८ | आ.रा.का. भद्रपुर | अन्तःशुल्कतर्फ | शाम्भवी फुड एण्ड वेभरेज कम्पनी प्रा.लि. | झापा |
| ९ | आ.रा.का. भद्रपुर | सबै भन्दा बढी पारीश्रमिक कर दाखिला गर्ने | डा. पुरुषोत्तम जोशी | झापा |
| १० | आ.रा.का. दमक | सबै भन्दा बढी आयकर दाखिला गर्ने | कन्काई विकास बैंक लि. | झापा |
| ११ | आ.रा.का. विराटनगर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | ट्रान्स नेपाल फ्रेट सर्भिस प्रा.लि. | मोरङ |
| १२ | आ.रा.का. धरान | सबै भन्दा बढी आयकर दाखिला गर्ने | काबेली बिकास बैंक लिमिटेड | धनकुटा |
| १३ | आ.रा.का. धरान | सबै भन्दा बढी आयकर दाखिला गर्ने | स्वदेशी लघुबित्त वितिय संस्था लिमिटेड | सुनसरी |
| १४ | आ.रा.का. धरान | सबै भन्दा बढी आयकर दाखिला गर्ने | माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. | तेह्रथुम |
| १५ | आ.रा.का. धरान | सबै भन्दा बढी आयकर दाखिला गर्ने | बिनायक निर्माण सेवा | संखुवासभा |
| १६ | आ.रा.का. धरान | सबै भन्दा बढी आयकर दाखिला गर्ने | यूनिक एण्ड युनाइटेड पब्लिक एकेडेमी प्रा.लि. | भोजपुर |
| १७ | आ.रा.का. जनकपुर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | मिथिला लघुवित्त वित्तिय संस्था लिमिटेड | धनुषा |

| | | | | |
|---|---|---|---|---|
| १८ | आ.रा.का. जनकपुर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | सहारा विकास बैंक | सर्लाही |
| १९ | आ.रा.का. जनकपुर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | आर.सि. लिड एण्ड ब्याट्रि उद्योग | महोत्तरी |
| २० | आ.रा.का. जनकपुर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | ममता आयल सेन्टर | सिन्धुली |
| २१ | आ.रा.का. सिमरा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | समता माइक्रो फाइनान्स वित्तीय संस्था | बारा |
| २२ | आ.रा.का. सिमरा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | संकल्प वचत तथा ऋण सहकारी संस्था लिमिटेड | रौतहट |
| २३ | आ.रा.का. सिमरा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | फेवासिटी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. | कास्की |
| २४ | आ.रा.का. सिमरा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड | स्याङ्जा |
| २५ | आ.रा.का. भैरहवा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | जनउत्थान वचत तथा ऋण सहकारी संस्था लिमिटेड कोटिहवा | रुपन्देही |
| २६ | आ.रा.का. भैरहवा | सबै भन्दा बढी आयकर दाखिला गर्ने | ओम चिउरा उद्योग | नवलपरासी |
| २७ | आ.रा.का. कृष्णनगर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | साना किसान कृषि सहकारी संस्था लि. | कपिलवस्तु |
| २८ | आ.रा.का. कृष्णनगर | सबै भन्दा बढी आयकर दाखिला गर्ने | मिश्रा निर्माण सेवा | अर्घाखांची |
| २९ | आ.रा.का. सुर्खेत | सबै भन्दा बढी आयकर दाखिला गर्ने | उत्तम निर्माण सेवा | दैलेख |
| ३० | आ.रा.का. सुर्खेत | सबै भन्दा बढी आयकर दाखिला गर्ने | वातावरण सहकारी संस्था लि. | सुर्खेत |
| ३१ | आ.रा.का. सुर्खेत | सबै भन्दा बढी आयकर दाखिला गर्ने | वि.एल.विल्र्डस | जाजरकोट |
| ३२ | आ.रा.का. सुर्खेत | सबै भन्दा बढी आयकर दाखिला गर्ने | निर कार्गो सर्भिस | हुम्ला |
| ३३ | आ.रा.का. सुर्खेत | सबै भन्दा बढी आयकर दाखिला गर्ने | पूजा निर्माण सेवा | डोल्पा |
| ३४ | आ.रा.का. वीरगञ्ज | सबै भन्दा बढी आयकर दाखिला गर्ने | ओम्नी प्रा.लि. | वीरगञ्ज |

## ३. पुरस्कृत हुने कर्मचारीहरू

| क्र.स | कार्यरत कार्यालय | पद | नाम थर | सम्मान गर्ने कार्यालय |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग, लाजिम्पाट | निर्देशक | केदारनाथ शर्मा | आन्तरिक राजस्व विभाग |
| २ | आन्तरिक राजस्व विभाग, लाजिम्पाट | शाखा अधिकृत | सत्येन्द्र मोहन गुरुङ | आन्तरिक राजस्व विभाग |
| ३ | आन्तरिक राजस्व कार्यालय, कलंकी | कर अधिकृत | कमला भुषाल अर्याल | आन्तरिक राजस्व विभाग |
| ४ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | कर अधिकृत | राम प्रकाश महतो | आन्तरिक राजस्व विभाग |
| ५ | आन्तरिक राजस्व कार्यालय, टंगाल | कर अधिकृत | कमलहरी खतिवडा | आन्तरिक राजस्व विभाग |
| ६ | करदाता सेवा कार्यालय, इटहरी | नायब सुब्बा | नोदराज पोखरेल | आन्तरिक राजस्व विभाग |
| ७ | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | नायब सुब्बा | विश्व शान्ती सुवेदी | आन्तरिक राजस्व विभाग |
| ८ | ठूला करदाता कार्यालय, ललितपुर | हलुका सवारी चालक | महेन्द्र श्रेष्ठ | आन्तरिक राजस्व विभाग |
| ९ | ठूला करदाता कार्यालय, ललितपुर | कार्यालय सहयोगी | रामकृष्ण कार्की | आन्तरिक राजस्व विभाग |
| १० | आन्तरिक राजस्व कार्यालय, दाङ | कार्यालय सहयोगी | चन्द्रिका न्यौपाने | आन्तरिक राजस्व विभाग |
| ११ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | नायब सुब्बा | प्रदीप बराल | आ.रा.का. भद्रपुर |
| १२ | आन्तरिक राजस्व कार्यालय, दमक | नायब सुब्बा | सावित्री पौडेल | आ.रा.का. दमक |
| १३ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | नायब सुब्बा | रानु कोइराला | आ.रा.का. विराटनगर |
| १४ | आन्तरिक राजस्व कार्यालय, धरान | हलुका सवारी चालक | अमरबहादुर मगर | आ.रा.का. धरान |
| १५ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | हलुका सवारी चालक | राजेश कुमार कर्ण | आ.रा.का. जनकपुर |
| १६ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | नायव सुब्बा | मधु ज्ञवाली | आ.रा.का. भैरहवा |
| १७ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | कार्यालय सहयोगी | डुक बहादुर मगर | आ.रा.का. कृष्णनगर |
| १८ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | कार्यालय सहयोगी | फूलमती थारु | आ.रा.का. कृष्णनगर |
| १९ | आन्तरिक राजस्व कार्यालय, सुर्खेत | नायव सुव्वा | इन्द्रा सापकोटा | आ.रा.का. सुर्खेत |
| २० | आन्तरिक राजस्व कार्यालय, वीरगञ्ज | डा.ई.सु. | रामानन्द प्रसाद यादव | आ.रा.का. वीरगञ्ज |

## ४. विभिन्न प्रतियोगिताका पुरस्कृत हुने प्रतियोगीहरू

| क्र.सं. | सम्मान गर्ने कार्यालय | स्थान | नाम थर | संस्था |
|---|---|---|---|---|
| **कविता प्रतियोगिता** | | | | |
| १ | आन्तरिक राजस्व विभाग | प्रथम | ऋषिकेश लामिछाने | ट्रिनिटी इन्टरनेशनल कलेज डिल्लीबजार |
| २ | आन्तरिक राजस्व विभाग | द्वितीय | दिक्षा पनेरु | मोर्डन नेशनल कलेज सोह्रखुट्टे |
| ३ | आन्तरिक राजस्व विभाग | तृतीय | निशा रोका मगर | मनोहर मा.वि., टोखा |
| ४ | आ.रा.का. पोखरा | प्रथम | तारानाथ पराजुली | विन्दुवासीनी संस्कृत विद्यापिठ |
| ५ | आ.रा.का. पोखरा | द्वितीय | कपिल ज्ञवाली | पश्चिचमाअञ्चल इन्जिनियरिङ क्यापस, पोखरा |
| ६ | आ.रा.का. पोखरा | तृतीय | दिपा अधिकारी | पृथ्वीनारायण क्याम्पस, पोखरा |
| ७ | आ.रा.का. विराटनगर | प्रथम | केशव भण्डारी | सिटी कलेज |
| ८ | आ.रा.का. विराटनगर | द्वितीय | आयुष नेपाल | सगरमाथा सेकेण्डरी बोर्डिङ स्कुल |
| ९ | आ.रा.का. विराटनगर | तृतीय | विभुती अधिकारी | पोखरीया उच्च माध्यमिक विद्यालय |
| १० | आ.रा.का. वीरगञ्ज | प्रथम | रीया मनोज पुरी | दिल्ली पब्लीक स्कुल |
| ११ | आ.रा.का. वीरगञ्ज | द्वितीय | खुश्बु गुप्ता | वीरगञ्ज पब्लिक कलेज |
| १२ | आ.रा.का. वीरगञ्ज | तृतीय | प्रज्जवल कार्की | नेशनल एकेडेमी |
| **निबन्ध प्रतियोगिता** | | | | |
| १३ | आन्तरिक राजस्व विभाग | प्रथम | प्रत्युष दाहाल | नाईटिंगेल इन्टरनेशनल माध्यमिक विद्यालय |
| १४ | आन्तरिक राजस्व विभाग | द्वितीय | आस्था न्यौपाने | ग्लोबल कलेज अफ म्यानेजमेन्ट |
| १५ | आन्तरिक राजस्व विभाग | तृतीय | प्राञ्जल खड्का | सैनिक आवासिय महाविद्यालय, सल्लाघारी |
| **बक्तृत्वकला प्रतियोगिता** | | | | |
| १६ | आ.रा.का. भद्रपुर | प्रथम | पृषा खरेल | न्यूटन एजुकेशनल एकेडेमी, विर्तामोड, झापा |
| १७ | आ.रा.का. भद्रपुर | द्वितीय | अनिषाराज निरौंला | होराइजन आवासिय मा.वि., धुलाबारी |
| १८ | आ.रा.का. भद्रपुर | तृतीय | रश्मी उप्रेती/आकृती चौलागाइ | एभरेष्ट बोर्डिङ्ग हाइयर सेकेण्डियरी स्कुल, दमक |
| १९ | आ.रा.का. भैरहवा | प्रथम | महिमा बस्नेत | रुपन्देही लिलाराम उच्च मा.बि. |
| २० | आ.रा.का. भैरहवा | द्वितीय | देबपाल उपाध्याय | रुपन्देही क्याम्पस |
| २१ | आ.रा.का. भैरहवा | तृतीय | रोशनी अर्याल | बृहस्पति कलेज |
| २२ | आ.रा.का. वीरगञ्ज | प्रथम | जुवी रौनियार | दिल्ली पब्लीक स्कुल |
| २३ | आ.रा.का. वीरगञ्ज | द्वितीय | पदम थापा | हरिखेतान बहुमुखी कलेज |
| २४ | आ.रा.का. वीरगञ्ज | तृतीय | राकेश कुमार ठाकुर | पिरामिड कलेज |
| **हाजिरीजवाफ प्रतियोगिता** | | | | |
| २५ | आ.रा.का. विराटनगर | प्रथम | रोहित कार्की<br>निसव पौडेल<br>पुनम बाहेती | मेरील्याण्ड कलेज |
| | | द्वितीय | भुवन दाहाल<br>गीता अग्रवाल<br>कृष्ण पोखरेल | सिटी कलेज |
| | | तृतीय | अनिमा बिमली<br>बिनम खवास<br>राकेश राय | महेन्द्र मोरङ आदर्श वहुमुखी क्याम्पस |

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने तरिका

| सि.नं. | के गर्ने | कहाँबाट गर्ने |
|---|---|---|
| १. | www.ird.gov.np मा जाने | Inland Revenue Department (NP) \| https://ird.gov.np |
| २. | Taxpayer portal मा क्लिक गर्ने | Services Taxpayer Portal |
| ३. | General लाई Expand गरी Taxpayer Login मा क्लिक गर्ने | General<br>Taxpayer Login |
| ४. | Taxpayer Login गर्न आवश्यक User Credential प्रयोग गरी login गर्ने | स्थायी लेखा नम्बर : 303766436<br>प्रयोगकर्ताको नाम : 303766436<br>पासवर्ड : •••••••<br>Login Cancel |
| ५. | Proceed To Payment मा क्लिक गर्ने | Transactions \| ATR \| Proceed To Payment |
| ६. | राजस्व दाखिला गर्ने कार्यालयको सम्बन्धित बैंक छनौट गर्ने | रकम जम्मा हुने बैंक छान्नुहोस * : Everest Bank [11009] |
| ७. | दाखिला गर्ने राजस्व आयकरको किसिम छनौट गर्ने | सि.न. करको प्रकार<br>1 आय कर |
| ८. | राजस्व शीर्षक छनौट गर्ने | राजस्व शीर्षक<br>11123 ( आय कर - प्रा. लि |
| ९. | के वापतको भुक्तानी हो सो छनौट गर्ने | बापत<br>अग्रीम कर कट्टी |
| १०. | दाखिला गर्ने रकम उल्लेख गर्ने | राजस्व रकम<br>100000 |
| ११. | आय वर्ष छनौट गर्ने | आर्थिक वर्ष<br>2075/076 |
| १२. | आयकर भए टिडिएस हो वा होइन अप्सन छनौट गर्ने | कैफियत<br>टि. डि. एस. छान्नुहोस<br>हो |
| १३. | Generate Transaction Code मा क्लिक गर्ने | GENERATE TRANSACTION CODE |
| १४. | यसरी तयार भएको भौचर प्रिन्ट गरी बैंकमा गई राजस्व दाखिला गर्ने (नगद वा चेक मार्फत भुक्तानी गर्नेको हकमा मात्र) | |
| १५. | विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने Make Payment मा क्लिक गर्ने | Make payment |
| १६. | उपलब्ध Payment Processor को छनौट गर्ने, (हाललाई ConnectIPS) | रकम भुक्तानीको बिकल्पहरु<br>connect IPS<br>रकम भुक्तानी गर्नुहोस क्यान्सल गर्नुहोस् |
| १७. | ConnectIPS मा Login गर्ने | Username<br>Type the characters in the image<br>Return Sign In |
| १८. | दाखिला गर्ने राजस्व रकमको पुन रुजु गर्ने | |
| १९. | कुन बैकबाट रकम कट्टा हुने हो सो बैक छनौट गरी Submit मा क्लिक गर्ने | ACCOUNT DETAILS<br>Debit Account : ramesh.subedi - 0[redacted]<br>Submit |
| २०. | NCHLले उपलब्ध गराएको OTP (One Time Password) टाइप गरी Ok गर्ने | PASSWORD<br>One Time Password: One Time Password<br>Re-generate |
| २१. | अब तपाईको भुक्तानी सफल भयो भनेर Debit Success को Page देखा पर्दछ। | STATUS : SUCCESS |
| २२. | यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ। सो को लागि हाललाई करिब ५ मिनेट समय लाग्दछ) | |

आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य अभिबृद्धि करको मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, D-01,D-02, D-03, D-04, विवरणहरु) अन्त: शुल्क तर्फको इजाजत थप तथा नविकरण आदी विवरणको फारामहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथी उल्लेख भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ।


**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

website: www.ird.gov.np

**संरक्षक**

विष्णुप्रसाद नेपाल

**सल्लाहकार**

बलराम रिज्याल

यज्ञ प्रसाद ढुङ्गेल

प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**

सम्झना बराल ढकाल

सुनिल कुमार यादव

काशिनाथ भट्टराई

राजु प्रसाद प्याकुरेल

रेणुका पोखरेल





कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।